# परिचय

कयौँ शताब्दीदेखि परमेश्वरका मानिसहरुले बाइबल धर्मशास्त्रको सन्देशलाई अध्ययन र मनन् गरेका छन् । बाइबल धर्मशास्त्र अनुसार हाम्रो जीवनको लागी परमेश्वरको योजना र उहाँको ईच्छा थाहा पाउन, हामी पनि येशू खीष्टको चेलाहरु जस्तै गरि बोलाईएका छौँ । यस पुस्तिकाले तपाइँको दैनिक जीवनमा मार्गनिर्देशन् र उत्साहको लागी तपाइँलाई बाइबलको सन्देश बुझ्न सहायता पुऱ्याउने छ । यस पुस्तिकामा भएका बाईस वटा पाठहरुले (उत्पत्तिदेखि प्रकाशसम्म) बाइबलको सामान्यतया रुपरेखा समेटेको छ, जुन हाम्रो लागि सरल तर लाभदायिक हुनेछ ।

हरेक पाठमा दुई भन्दा बढि भागहरु छन् :

- हरेक पाठपूर्व, सहभागीहरुले अघिल्लो पाठ अनुसार बनाएको कार्य योजनाको प्रतिवेदन दिनेछन् (पहिलो पाठबाहेक) ।

- त्यसपछि ठूलो वा सानो झुण्डमा बाइबलका खण्डहरु र सो सम्बन्धित प्रश्नहरु पठन र मनन गरिनेछ ।

- सहभागीहरुले आउने हप्ताको लागि कार्य योजना बनाई प्रार्थना र कण्ठ पार्ने बाइबलको खण्ड पठन गर्नेछन् ।

- कहिलेकाहिँ सहजकर्ताले सहभागीहरुलाई आउने हप्ताको पाठको लागी बाइबलका खण्डहरु मनन् गर्न अह्राउनेछन् ।

- अर्को पाठमा जानुपूर्व सहभागीहरुले बनाएको कार्य योजनालाई पूरा गर्नेछन् र पाठको अन्तमा दिईएको बाइबल खण्डलाई कण्ठ पार्नेछन् ।

यस पुस्तिकाको पाठहरु सम्भव भए हरेक हप्ता, यदि सम्भव नभए नियमित भेट गर्ने सानो झुण्डमा अध्ययन गर्न रचिएका हुन् । झुण्डमा सबै सहभागीहरुलाई छलफल गर्न र आफ्ना कुराहरु राख्न उत्साह दिईन्छ जसमा सहजकर्ताले निकै चनाखो भई अगुवाई गर्नुपर्ने हुन्छ ।

अध्ययनमा जानुपूर्व, सहभागीहरुले निम्न कुराहरुमा प्रतिवद्धता जनाउने छन्: सबै पाठहरुमा उपस्थिति हुने, हप्ताभरि कार्य योजनालाई पूरा गर्ने । कार्य योजना अनुसार नगर्ने र प्रतिवेदन दिन तयार नहुने सहभागीले थोरै मात्र सिक्नेछन् र झुण्डका अरुहरुलाई पनि निरुत्साहित तुल्याउेछन् ।

## मुक्तिको मार्ग

बाइबलले शयौं शताब्दी अबधिमा भएका घटनाहरुलाई ब्याख्या गरेको छ । तसर्थ ऐतिहासिक समयक्रम जुन हरेक पाठसँग सम्बन्धित छ, सो जनाउनको लागी हरेक पाठको सुरुमा एक चित्र ‘‘मुक्तिको बाटो’’ दिईएको छ । तल दिईएका चिन्हहरुले बाइबलका छवटा महत्वपूर्ण ऐतिहासिक घटनाक्रमहरुलाई सूचाङ्कित गर्दछन् ।



१ परमेश्वरले बनाउनुभयो र आशिष दिनुभयो ।



२ पापले गर्दा परमेश्वरको असल सृष्टि भाँचिएको छ ।



३ पुरानो नियम भरिनै उहाँले मसिहको आगमनद्वारा निको पार्ने प्रतिज्ञा गर्नुभयो ।



४ येशूले उहाँको दुःख भोग, मृत्यु र पुनरुत्थानद्वारा चंगाई र आशिष ल्याउनुहुनेछ ।



५ येशूका चेलाहरुले पवित्र आत्मा प्राप्त गरेका छन् र उहाँको आशिष र चंगाईको सेवक स्वरुप संसारमा पठाईएका छन् ।



६ येशु आउनुहुनेछ र नयाँ सृष्टि बसाल्नुहुनेछ जहाँ सबै निको हुनेछन् ।

यो चिन्ह ग्रीक भाषाको पहिलो र अन्तिम अक्षरको समिश्रण होः अल्फा र ओमेगा । प्रकाश २२ : १३ पदमा बौरिउठ्नुभएको प्रभु भन्नुहुन्छ, "म अल्फा र ओमेगा, पहिलो र पछिल्लो, आदि र अन्त्य हुँ" ।

# बिषय सूची

**परिचय**
**मुक्तिको मार्ग**


| | | |
|---|---|---|
| १. | बाइबल | १ |
| २. | सृष्टि ४ | |
| ३. | पाप र टुट्नु | ७ |
| ४. | अब्राहाम र साराई | ११ |
| ५. | योसेफ | १४ |
| ६. | मोशा | १७ |
| ७. | निस्तार | २० |
| ८. | दश आज्ञाहरु | २४ |
| ९. | मरुभुमि | २७ |
| १०. | यहोशू | ३० |
| ११. | दाउद | ३३ |
| १२. | भजनसंग्रह | ३६ |
| १३. | हितोपदेश | ३९ |
| १४. | अगमवक्ताहरु | ४२ |
| १५. | येशू एक मात्र राजा | ४५ |
| १६. | येशू एकमात्र असल गोठालो | ४९ |
| १७. | क्रुस | ५२ |
| १८. | पुनरुत्थान र ईष्टर | ५५ |
| १९. | पेन्तिकोस | ५८ |
| २०. | मण्डली | ६१ |
| २१. | बोली र काम | ६४ |
| २२. | नयाँ सृष्टि | ६९ |

# बाइबल

## मुख्य बाइबलको खण्ड

प्रेरित ८ : २६ देखि ४०

## पाठको मुख्य भाग

परमेश्वरले हामीलाई उहाँसँग व्यक्तिगत सम्बन्धमा रहन सृष्टि गर्नुभयो । हामी बाइबलद्वारा मानव ईतिहासमा परमेश्वरले गर्नुभएको काम थाहा गर्न, हाम्रो र हामी वरिपरिको संसारलाई अझ राम्रो सँग बुझ्न सक्छौँ ।

## ख्रीष्टियन अनुशासन

जब हामी परमेश्वरको बचन होसियारीपूर्वक पठन र अध्ययन गर्छौं, तब परमेश्वरको ऐतिहासिक कामलाई कदर गर्न, माया गर्न, र हाम्रो सम्पूर्ण ”दयले उहाँलाई आदर गर्न जान्नेछौँ ।

## १. परिचयात्मक प्रश्नहरु :

- तपाईको एक असल साथीको बारेमा बिचार गर्नुहोस् । जब तपाईहरु सँगै हुनुहुन्छ के गर्नुहुन्छ ? सँगै भएर पनि नबोलेको कल्पना गर्न सक्नुहुन्छ ?
- मानिलिनुहोस्, तपाईको देशको राष्ट्रपति तपाईसँग बातचित गर्न चाहनुहुन्छ, यो अवस्थामा तपाईको प्रतिक्रिया कस्तो हुन्छ होला ?

## २. सुरुदेखि अन्त्यसम्म बाइबल पढ्नुहोस् र बुझ्नुहोस् ।

- यो पुस्तिकाको हरेक पाठमा तपाईले फरक फरक बाइबलको खण्डहरु पढ्नुहुनेछ र मनन गर्नुहुनेछ । पाठ दुई, बाइबलको पहिलो पुस्तक उत्पत्तिबाट सुरुहुनेछ । अन्तिम पाठ २२ प्रकाशको पुस्तक सँगै अन्त्य हुनेछ ।



यो चित्र, “मुक्तिको मार्ग” हरेक पाठ, परमेश्वरको उद्धारको ईतिहासमा कुन समयक्रममा अवस्थित छ भनि देखाउन पुस्तिका भरिनै प्रयोग गरिनेछ ।

- २ तिमोथी पावलले आफ्नो जवान सहकर्मी तिमोथी लाई लेखेको एक पत्र हो । २ तिमोथी ३ : १५ पढ्नुहोस् ।
    - ➢ *यदि तिमोथीले होसियारीपूर्वक बाइबल अध्ययन गरे भने उनलाई के हुन्छ, ?*

बाइबल धेरै समयावधिमा फरक फरक मानिसहरुद्वारा लेखिएको हो । २ तिमोथी ३:१६ लाई पढ्नुहोस् ।

- ➢ *बाइबलमा ६६ वटा पुस्तकहरु भएतापनि, मुख्य गरि एउटै मात्र सन्देश छ भनेर किन हामी यकिनका साथ भन्न सक्छौं ?*

२ तिमोथी ३ : १७ पढ्नुहोस् ।

- ➢ यदि हामीले होसियारीसाथ बाइबल अध्ययन गऱ्यौं भने, यो खण्ड अनुसार हामीमा कस्तो परिवर्तन आउँछन् ?

- येशू जीवित भई उठेपछि, यरुशलेम देखि इम्माउस जाँदै गरेका दुई चेलाहरु समक्ष देखापर्नुभयो । यो कुरा लुका २४ को १३ देखि ३५ सम्ममा पाईन्छ । जसरी चेलाहरुसँगै येशू हिँड्दै हुनुहुन्थ्यो उनीहरुले उहाँलाई चिनेन् । लुका २४: २७ पढ्नुहोस् ।
    - ➢ *येशूले तिनीहरुलाई के को बारेमा बताउनुभयो ?*

यो पुस्तिका इम्माउस जाने बाटो जस्तै हो, जसबाट तपाईले बाइबलका मुख्य पात्रहरु, येशूका चेलाहरुले जस्तै आशिषित जीवन जीउन सिक्नुहुनेछ ।

- पुरानो नियमले येशू ख्रीष्टको जन्म, वा जीवनको तयारीको बारेमा बताउँदछ, पाठ २ देखि १३ ।
- नयाँ नियमा भएका ४ वटा सुसमाचारीय पुस्तकहरुले येशूको जीवनी र पृथ्वीमा उहाँको मृत्युको बारेमा बताउँदछ, पाठ १४ देखि १७ ।
- त्यसपछिका बाइबलका पुस्तकहरुले, येशूको पुनरुत्थान पछि भएका घटनाक्रमहरुको बारेमा बताउँछन्, पाठ १८ देखि २१ ।

- प्रेरित ८ : २६ देखि ४० ले हामीलाई इथियोपियाका पदाधिकारीको बारेमा बताउँदछ । उहाँ यरुशलेम देखि इथियोपियासम्म जाँदा पुरानो नियमबाट धर्मशास्त्रको खण्ड पढ्दै हुनुहुन्थ्यो । उहाँले पढ्नुभएको खण्ड आफैंले पनि बुझ्नुभएको थिएन । फिलिप एक ख्रीष्टियन प्रचारकले उहाँलाई खण्ड बुझ्नको लागि सहायता गरे । यशैया ५३: ४ देखि ९ सम्म पढ्नुहोस् ।
    - ➢ फिलिपले यो खण्डमा कसको बारेमा लेखिएको हो भनी भने ? ८ : ३५
    - ➢ फिलिप सँगको कुराकानी पश्चात् इथियोपियालीले के चाहे ? ३६
    - ➢ कसरी इथियोपियालीले आफ्नो यात्रा निरन्तर गरे ? ३९
    - ➢ हामी पनि इथियोपियाली जस्तै रमाउन सक्छौं ? किन ?

## ३. चेलापनको कार्ययोजना

अर्को पाठपूर्व हरेक दिन कुनै समय छुट्याउनुहोस् र भजनसँग्रह २३ र यूहन्ना १०:११ देखि १६ सम्म अध्ययन गर्नुहोस् । यो प्रश्नलाई बिचार गर्नुहोस् ।

- *परमेश्वरले मलाई माया साथै मुल्यवान ठान्नुहुन्छ भन्ने कुरा यी खण्डहरुले कसरी देखाउँदछन् ?*

तपाईको यो मननको समय आफ्नै शब्दमा प्रार्थनाद्वारा अन्त्य गर्नुहोस् वा तल दिईएको प्रार्थना गर्नसक्नुहुनेछ ।

## ४. प्रार्थना

स्वर्गीय पिता, धन्यवाद तपाईलाई किनभने मलाई प्रेम गर्नुभयो र म सँग व्यक्तिगत सम्बन्ध चाहनुभयो । मलाई तपाईको बचन अध्ययन गरी बुझ्नको लागि बुद्धि र अनुशासन दिनुहोस् ताकी म तपाईलाई मेरो सम्पूर्ण हृदयले माया गर्न र सेवा गर्न सकूँ । आमेन ।

## ५. यो हप्ताभरि मनन गरी कण्ठ पार्ने बचनको खण्ड

२ तिमोथी ३ : १६ देखि १७ "सम्पूर्ण पवित्रशास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ति दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जुन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई सिद्ध भएको होस् ।"

# सृष्टि



**बाइबलको मुख्य खण्ड**

उत्पत्ति २ : १५ देखि २४

**पाठको मुख्य भाग**

संसार (पृथ्वी) सुन्दर, र उत्पादनशील भूमि बनोस् भनि परमेश्वरले सृष्टि गरी आशिष दिनुभयो । बडो जिम्मेवारी भएर सृष्टिको व्यवस्थापन गर्न परमेश्वरले आदम र हव्वालाई सृष्टि गर्नुभयो ।

**ख्रीष्टिय अनुशासन**

सृष्टिको कदर गर्न, धन्यवादी भई हामीलाई सुम्पिएको स्रोत साधनहरुको उचित प्रयोग र व्यबस्थापन गर्न सिक्नेछौं ।

**१. कार्य योजनाको प्रतिवदेन**

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पुरा भयो ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

**२. परिचयात्मक प्रश्नहरु**

- बोटबिरुवाहरु र जनावरहरु कसरी उत्पादनशिल हुन् ?
- कसरी मानिसहरु उत्पादनशिल हुन् ?
- कसरी अन्य कुराहरुद्वारा मानिसहरु उत्पादनशिल हुन्छन् ? जस्तै प्राकृतिक स्रोतसाधनहरुलाई उत्पादनशिल बनाएर । उत्पादनशील अरु मानिसहरुको उदाहरण दिनुहोस् ।

**३. खण्ड पढ्नुहोस् र बुझ्नुहोस् ।**

(क) भजनसंग्रह १०४ : ३१

- यो खण्ड अनुसार सृष्टिको सौर्न्दयलाई कसले प्रशंसा गर्छ र हर्षित हुन्छ ?

(ख) उत्पत्ति १: २१ देखि २२

- जीव जन्तुहरुलाई परमेश्वरले के गर्न बोलाउनुभयो ?
- परमेश्वरले के गर्नुभयो ताकि तिनीहरु राम्रो सँग विकसीत र उत्पादनशिल हुन्छन् ? पद २२

(ग) उत्पत्ति १: २७ देखि २८, २: १५

- मानिस र जीव जन्तु बीचको फरक र समानता पहिल्याउनुहोस् ।
- आदम र हव्वा परमेश्वर जस्तै छन् भनी देखाउन परमेश्वरले उनीहरुलाई के गर्न बोलाउनुभयो ?

**व्याख्यात्मक टिपोट**

बाइबलमा शासन गर्नु भनेको विकास गर्नु र उत्पादनशिल हुनु हो । यसको मतलव पृथ्वीका स्रोतसाधनहरुलाई असल व्यवस्थापन गर्नु पनि हो ताकि अरुहरुले पनि बिकास गर्नेछन् र पृथ्वी उत्पादनशील भूमि हुनेछ ।

- *परमेश्वरले उत्पत्ति २ : १५ मा कस्तो काम दिनुभयो ?*

(घ) उत्पत्ति २: ८ देखि ९, १५ देखि २४

परमेश्वरले आदम र हव्वालाई तीनवटा जिम्मेवारीहरु दिनुभयो ।

पृथ्वीमा खेतीपाती, गोडमेल गर्ने ताकी पृथ्वी अझ असल प्रकारले निरन्तर बिकास हुनसकोस् ।

- *खेतीपाती, गोडमेलको काम महत्वपूर्ण थियो भनि देखाउन कसले सर्वप्रथम पृथ्वीमा काम गऱ्यौ पद ८ ?*

पृथ्वीको रेखदेख गर्ने ताकि यो निरन्तर खुशी र आनन्दको उत्पादनशिल भूमि हुनेछ । एक अर्काको रेखदेख गर्ने जिम्मेवारी पनि ।

- *उत्पत्ति २:१८, २१ देखि २४ मा भएका कुन कुन शब्दहरुले आदम र हव्वा एक अर्काको हेरचाह गर्न सृजिएका थिए भनि देखाउँछ ?*

परमेश्वरलाई सुन्ने र आज्ञाकारी हुने ।

- *उत्पत्ति १: २७, २८, ३१ अनुसार परमेश्वरले आदम र हव्वालाई मुल्यवान् ठान्नुहुन्छ र उहाँ तिनीहरुबाट के कस्तो आशा गर्नुहुन्छ भनि देखाउन परमेश्वरले तिनीहरुलाई के भन्नुभयो ?*
- *के को विपरीत परमेश्वरले तिनीहरुलाई चेतावनी दिनुभयो ?*

**४. मनन गर्ने**

यी तीन वटा कुराहरुमा कसरी परमेश्वरलाई आदर गर्ने, उदाहरणहरु दिनुहोस् ।

- पृथ्वीमा खेतीपाती, गोडमेल गरी उत्पादनशील भएको ।
- पृथ्वी र हामीसँग भएका भौतिक साधनहरुको, र एक अर्काको रेखदेख गरेको ।
- परमेश्वरलाई सुनेर आज्ञाकारी भएको ।

**५. चेलापनको कार्ययोजना**

- कुनै दिन दिउँसो म मेरो बगैंचा वा करेसावारीमा काम गर्नेछु ।
- म मेरो घर र लत्ता कपडाहरु सरसफाई गर्नेछु ।
- हरेक दिन मेरो पाठहरु अध्ययन गर्नेछु ।
- खाँचोमा भएका मेरा छिमेकीहरुलाई सहायता दिनेछु ।

**६. प्रार्थना**

हाम्रो स्वर्गीय पिताले यो उदेक संसार सृजना गर्नुभएकोमा धन्यवाद । तपाईमा म अति मूल्यवान पाईएको छु । मलाई तपाईले सुम्पिनुभएको सबै कुराहरुमा विकसित र असल व्यवस्थापक भई तपाईको आदर गर्न सहायता गरिदिनुहोस् ।

**७. मनन र कण्ठपार्ने खण्ड**

“आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो । आफुले बनाउनुभएको हरेक कुरा हेर्नुभयो । र त्यो साह्रै राम्रो थियो, साँझ पर्‍यो र बिहान भयो छैंटौं दिन ।” उत्पत्ति १:१ र ३१ पद ।

# पाप र टुट्नु



**बाइबलको मुख्य खण्ड**

उत्पत्ति ३

**पाठको मुख्य भाग**

आदम र हव्वाले पाप गरेको कारणले संसारमा भाँजो (टुट्नु) आयो । तापनि परमेश्वरले तिनीहरु र संसारलाई त्याग्नुभएन । न्यायको अवस्थामा पनि परमेश्वरले उनीहरुलाई कृपा देखाई भविष्यको आशा दिनुभयो ।

**ख्रीष्टिय अनुशासन**

हामी परमेश्वर देखि भाग्न होईन तर हाम्रो अधर्महरुलाई पहिचान गरी पश्चाताप् गर्न र पाप क्षमाको लागि परमेश्वरको प्रतिज्ञाहरुमा दृढ विश्वासीलो रहन सिक्नेछौं ।

**१. कार्य योजनाको प्रतिवदेन**

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पुरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

**२. परिचयात्मक प्रश्नहरु**

पूर्णतया नाश नभएका तर टुटे-फुटेका चीज विजहरुको बिचार गर्नुहोस् । जस्तै तल केही उदाहरणहरु दिईएका छन् ।

- क्रूर्सी भाँचिएको छ तर नाश भएको छैन ।
- बालकको हात भाँचिएको छ तर बालक नाश भएको छैन ।
- मित्रता अप्ठ्यारो परिस्थिति भएर गएपनि, पूर्ण रुपमा नाश भएको छैन ।

अब भाँचिएको एक क्रूर्सीको बिचार गर्नुहोस् जसको भाँचिएको भागहरु लुकाइएका छन् वा देख्न सकिँदैन ।

- *के हुन्छ जब कुनै कुरा भाँचिन्छ तर भाँचिएको वा टुटेको कुराहरु लुकाइन्छ ?*

## ३. खण्ड पढ्नुहोस् र बुझ्नुहोस् ।

(क) मत्ती ४: ८ देखि १०

- *यो खण्डमा दियावलसले, येशूले के गरेको चाहन्छ ?*

**व्याख्यात्मक टिपोट**

दियावलस परमेश्वरको डाह गर्ने स्वर्गदुत नै हो । परमेश्वर वरावरी भएर आदर पाउन चाहन्छ । तर यो सम्भव छैन । तसर्थ संसार विकसित र उत्पादनशिल हुनदेखि रोक्न खोज्छ । यहाँसम्म कि संसारलाई नै ध्वस्त पार्न खोज्छ ।

- *तपाईसँग नभएको अरुको चीज वा क्षमता देखेर तपाईले कहिल्यै कसैको डाह गर्नुभएको छ, ?*
- *त्यसले तपाईलाई कसरी बेखुशी तुल्याउँछ ?*

(ख) उत्पत्ति ३: १ देखि ७

- *आदम र हव्वालाई बिकसित र उत्पादनशील हुनदेखि बन्चित गर्नको लागि दियावलसको रणनिती के थियो ?*

**व्याख्यात्मक टिपोट**

दियावलस आदम र हव्वा संसारमा उनीहरुको स्थानमा बेखुशी भएको चाहन्थ्यो । उ जस्तै तिनीहरुले पनि परमेश्वरको डाह गरेको चाहन्थ्यो । दियावलसको यो रणनीति, "तिमीहरुले पृथ्वीको **गोडमेल र रेखदेख** गर्नुभन्दा **अझ धेरै** गर्न सक्छौ । तिमीहरु स्वर्गमा परमेश्वर जस्तै ज्ञानी र शक्तिशाली हुन सक्छौ । तिमीहरु तल नपर", भन्नु जस्तै थियो । संसारमा परमेश्वरले आदम र हव्वाको लागि राख्नुभएको योजनाप्रति तिनीहरु असन्तुष्टि होउन् भनेर दियावलसले तिनीहरुलाई छल गऱ्यो । उसले आदम र हव्वामा पृथ्वीको रेखदेख र गोडमेल गर्ने कामभन्दा अरु ठूला कामको चाहना जगाईदियो ।

(ग) उत्पत्ति ३: ८ देखि २३

आदम र हव्वा अनाज्ञाकारी भएकोले संसार परिवर्तन भयो ।

- *परमेश्वरसँग आदम र हव्वाको सम्बन्ध भाँचिएको चिन्ह के थियो ? पद ८*
- *आदम र हव्वा वीचको सम्बन्ध तोडिएको चिन्ह के थियो ? पद १२, १६*
- *पापले संसारमा कसरी बिधंस ल्यायो ? १७ देखि १९*

(घ) उत्पत्ति २

- *तिनीहरुले पाप गरेपछि आदम र हव्वा के कुराको भागीदार थिए ? पद १७*
- *परमेश्वर आदम र हव्वा बीचको सम्बन्ध तुहिएको छैन भनि निश्चित् गर्न परमेश्वरले के गर्नुभयो ? पद ९*
- *के परमेश्वरले आदम र हव्वालाई तिनीहरुको पापको कारणले गर्दा सँगै नबस्न, सन्तान नजन्माउन र पृथ्वीको व्यवस्थापन नगर्न भन्नुभयो ?*
- *परमेश्वरले तिनीहरुलाई अझै माया गर्नुहुन्छ भनी कसरी थाहा पाउन सकिन्छ ?*

(ङ) उत्पत्ति ३: १५

- *उत्पत्ति ३ : १५ अनुसार दियावलसले संसारलाई कहिल्यै नाश गर्ने छैन भनि निश्चित् गराउन परमेश्वरले के प्रतिज्ञा गर्नुभयो ?*

**व्याख्यात्मक टिपोट**

यो पदमा परमेश्वरले आफुलाई दियावलसभन्दा सामर्थीवान् भएको र संसारलाई एक मात्र उद्धारकद्वारा आशिष दिने कुरा देखाउनुभएको छ । यो पदमा हामी पापी भएतापनि परमेश्वरमा मुल्यवान् छौं भनी थाहा पाउन सक्छौं । बाइबल भरिनै संसारलाई आशिष दिने परमेश्वरको योजना पूरा भएको यथार्थता पाउँदछौं ।

## ४. मनन गर्नु

- *के हाम्रो पाप र गल्तीहरुलाई मानिलिनु सजिलो छ ?*
- *हामीले पाप गरेतापनि आशिषीत हुन १ यूहन्ना १:८ देखि ९ पदले हामीलाई कस्तो मार्ग देखाउँछ ?*
- *हामीले पापगरेतापनि आदम र हव्वा जस्तै किन डराउन र लुक्नु पर्दैन ?*
- *हाम्रो परिक्षाको घडीमा परमेश्वरले हामीलाई के प्रतिज्ञा गर्नुभएको छ ? १ कोरिन्थी १०:१३ पद ।*

## ५. चेलापनको कार्ययोजना

अब आउने हप्ताभरि सुत्नुअघि हरेक राती बिगतमा घटेको घटनाहरुको बिचार गर्नेछु । मेरा पापमय बिचारहरु र कार्यहरुप्रति परमेश्वरसँग क्षमा माग्नेछु । उहाँको मप्रतिको कृपा र मायाको लागि परमेश्वरलाई धन्यवाद दिनेछु । र उहाँलाई माया र सेवा गर्नको लागि बल सामर्थ माग्ने छु ।

**६. प्रार्थना**

स्वर्गीय पिता म तपाई देखि भाग्न चाहन्न बरु तपाईलाई मन नपर्ने मेरा बिचार र क्रियाकलापहरु तपाई सामू ल्याउँदछु । मेरा पाप क्षमा गरिदिनुहोस् । मलाई माया गरी नत्याग्नु भएमा धन्यवाद । सबैभन्दा महत्वपूर्ण कुरा म तपाईलाई माया गर्न चाहन्छु र हरेक दिन तपाई जे चाहनुहुन्छ त्यही गर्दछु ।

**७. यो हप्ता मनन र कण्ठपार्ने बाइबलको खण्ड**

"यदि हामीमा पाप छैन भनि हामी भन्छौँ भनेता हामीले आफैँलाई धोखा दिन्छौँ, र हामीमा सत्य हुँदैन । यदि हामीले आफ्ना पापहरु स्वीकार गर्‍यौँ भने उहाँले हाम्रा पापहरु क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकी उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ" १ यूहन्ना १: ८ देखि ९

# अब्राहाम र साराई



**बाइबलको मुख्य खण्ड**

उत्पत्ति १२:१देखि ९

**पाठको मुख्य भाग**

परमेश्वरले अब्राहाम र साराईलाई उनीहरुको घर थलो छोड्न र परमेश्वरद्वारा आशिषित भई सारा संसारको लागि आशिषको मुहान् हुन बोलाउनुभयो ।

**ख्रीष्टिय अनुशासन**

येशू ख्रीष्टको चेलाहरु जस्तै हामी पनि आफुलाई सहज लाग्ने कुराहरु छोडेर परमेश्वरमा भरोसा गर्न सिक्नेछौं, जसले हामीलाई तीर्थयात्री जस्तै यस संसारमा एक नयाँ जीवन जीउन बोलाउनुहुन्छ र हामी अरुहरुको लागि आशिषित बन्नेछौं ।

**१ कार्य योजनाको प्रतिवदेन**

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पुरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

**२ परिचयात्मक प्रश्नहरु**

- *तपाईलाई कुनै यस्तो ठाउँमा यात्रा गरेको सम्झना छ जहाँ पहिले कहिल्यै जानुभएको थिएन, र त्यहाँ फरक भाषा बोलिन्छ ।*
- *तपाईलाई राम्रोसंग जानकारी भएको ठाउँमा यात्रा गर्नु र पहिले कहिल्यै थाहा नभएको ठाउँमा यात्रा गर्दा कस्तो फरकको महसुस् हुन्छ ?*

## ३ खण्डलाई पढ्नुहोस् र बुझ्नुहोस्

(क) उत्पत्ति १२:१

- *परमेश्वरले अब्राहामलाई के गर्न भन्नुभयो ?*
- *के परमेश्वरले अब्राहामलाई उ जानुपर्ने ठाउँ पनि बताउनुभयो ?*
- *अब्राहाम र साराई किन परमेश्वरप्रति आज्ञाकारी हुन हिचकिच्याए होला ?*

(ख) उत्पत्ति १२:२देखि ९

- *अब्राहाम आफ्नो परिवारसँग जब कनान देशमा आईपुगे तब परमेश्वरले उनीसँग के प्रतिज्ञा गर्नुभयो ? पद ७*
- *परमेश्वरमाथि विश्वास गरेको छु भनि देखाउन अब्राहामले के गरे ? पद ७, ८*

**व्याख्यात्मक टिपोट**

अब्राहामले निर्माण गरेको बेदी र बलिदानहरुले, यो भूमि परमेश्वरको हो भनि देखाउँछ । साथै अब्राहामले परमेश्वरमाथि विश्वास र उनी लगायत उनको परिवारलाई परमेश्वरले आशिष दिनुहुन्छ भन्ने कुरालाई पनि वेदी र वलिदानहरुले देखाउँदछ ।

## उत्पत्ति १२:१० देखि २०

- के अब्राहाम सधैं अरुहरुको लागि आशिष थियो ?

(ग) उत्पत्ति १७:१५ देखि १७, १८: १० देखि १५

- *परमेश्वरले अब्राहाम र साराईलाई छोरा दिने प्रतिज्ञा गर्नुभयो, अब यो प्रतिज्ञालाई विश्वास गर्न किन उनीहरुको लागि गाह्रो थियो ?*

## ४. मनन गर्नु

(क) हिब्रु ११: ८ देखि ११

- *किन अब्राहामले उनको घर छाडे ?*

(ख) यूहन्ना १:११ र फिलिप्पी २:६देखि ८ पढ्नुहोस् ।

- *अरुहरुको लागि आशिष हुनको लागि कस्ले आफ्नो सहज ठाउँ छाडे ?*

(ग) १ पत्रुस २:९देखि १२

- *जब हामी येशूको चेलाहरु हुन्छौं तब हामी अब्राहाम जस्तै तीर्थयात्री हुन्छौं ।* परमेश्वरले *त्यस्तो के गर्नुभयो ताकी हामीहरु तीर्थयात्री जस्तै बन्न सकौं ? ९* देखि *१०*

- *तीर्थयात्री झैँ हामी हाम्रो पुरानो जीवन जिउने तरिकाहरु छाड्न बोलाईएका छौँ । के के पुराना तरिकाहरु हुनसक्छन् जस्लाई छाड्न हामी बोलाईएका छौँ । पद ११*
- *हामी भन्दा फरक विश्वास भएका मानिसहरुको लागि आशिषीत हुन परमेश्वरले हामीलाई के गर्न बोलाउनुभएको छ ? पद १२*

(घ) यूहन्ना १४: १ देखि ३

- *हाम्रो पुरानो जीवन छोडेर फिरन्ते जीबन जिउँदा आउन सक्ने परिणामहरुको डरमाथि बिजयी पाउन हामीलाई कस्ले दृढता दिँदछन् ?*

### ५. चेलापनको कार्ययोजना

तपाईसँग राम्रो चिनाजान नभएको व्यक्तिको लागि आशिषत बन्न तपाईले गर्नुहुने कुनै एक काम लेख्नुहोस् ।

### ६. प्रार्थना

स्वर्गीय पिता म तपाईको हुँ, माया र कृपाको लागि तपाईलाई धन्यवाद । तपाईको पुत्र येशू, अब्राहाम र साराईले जस्तै म तपाईलाई पछ्याउन चाहन्छु । मेरा पापहरु र पुरानो जीवन छोड्दा आउने सबै डरहरुलाई पन्छाएर तपाईको खातिर जीउन र अरुहरुको लागि आशिष बन्न मलाई तपाईको आत्माद्वारा सामर्थ दिनुहोस् ।

### ७. यो हप्तामा मनन र कण्ठपार्ने बचनको खण्ड

“अन्य जातीहरुको बीचमा तिमीहरुको चालचलन असल होस् । कसैले तिमीहरुलाई कुकर्मी भनी तिमीहरुका बिरुद्धमा बोलेतापनि तिनीहरुले तिमीहरुका असल कामहरु देखुन् र आगमनको दिनमा तिनीहरुले परमेश्वरको महिमा गरुन्” १ पत्रुस २: १२

### ८. अर्को पाठको तयारी गर्नुहोस्

पाँच जना सहभागीहरुलाई अर्को पाठमा दिईएको बाइबलको खण्ड पढेर तयारी हुन लगाउनुहोस् ।

# योसेफ



**बाइबलका मुख्य खण्डहरु**

उत्पत्ति ४५:१ देखि ८, ५०: १५ देखि २१

**पाठको मुख्य भाग**

अन्यायी तवरले उसले दुःख भोगेतापनि, परमेश्वरले योसेफलाई त्याग्नु भएन । परमेश्वरको सामर्थनले उसलाई नराम्रो गर्नेहरु र आफ्नो फाईदा खोज्नेहरुलाई योसेफले क्षमा दिए ।

**ख्रीष्टिय अनुशासन**

जब अरुहरुले हाम्रो नोक्सानी पुऱ्याउँछन् हामी परमेश्वरमा भर पर्न एक अर्कालाई क्षमा दिन र भलाई गर्न सिक्छौँ ।

**१. कार्य योजनाको प्रतिवदेन**

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पुरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

**२. परिचयात्मक प्रश्नहरु**

तपाईलाई कसैले नोक्सान पुऱ्याएको छ भने स्मरण गर्नुहोस् । तपाईलाई कस्तो अनुभूति भयो ? तपाईले कसरी प्रतिक्रिया जनाउनुभयो ?

**३. खण्ड पढ्नुहोस् र बुझ्नुहोस् ।**

(क) पाँच जना सहभागीहरु जसले अघिल्लो पाठमा नै तयारी गर्ने जिम्मा पाएका थिए । उनीहरुलाई छोटकरीमा यी प्रश्नहरुको जवाफ दिन लगाउनुहोस् ।

- *योसेफलाई उसका दाजुभाईहरुले किन दासत्वमा बेचे ? उत्पत्ति ३७*

- *योसेफ उसको मालिकहरुको लागि कसरी आशिषत भयो ? ३९: २,३,५, २१, २३ किन उ झ्यालखाना पठाईएको थियो ?*
- *झ्यालखानामा योसेफलाई के भयो ?*
- *योसेफ कसरी जेलबाट छुट्यो ? कसरी उ फारोको सपनाको अर्थ खोल्न सक्ने भयो ? ४१: १६, २५, २८*
- *मिश्रदेशको मानिसहरुको लागि योसेफ कसरी आशिषको पात्र बन्यो ?*
- *अध्याय ४२ देखि ४४ अनुसार योसेफका दाजुभाईहरु किन मिश्र देश गए र त्यहाँ के भयो ?*

(ख) उत्पत्ति ४५:४देखि ११

- पद ५ र ७ अनुसार योसेफलाई कसले मिश्रदेशमा पठायो ?
- योसेफका दाजुभाईहरुले उसलाई अन्याय गरेतापनि उसले के असल काम गऱ्यो ?

  उत्पत्ति ५०:१५देखि २१, योसेफले किन उसको दाजुभाईहरुलाई क्षमा दियो ?

(ग) यूहन्ना १:११, लुका २३:३२देखि ४३

- *योसेफले जस्तै कसले ठूलो अन्याय र नोक्सान भोग्यो ?*
- *येशूलाई नोक्सान पुऱ्याउनेहरुलाई येशूले कस्तो प्रतिक्रिया दिनुभयो ?*

(घ) प्रेरित ९: १देखि ६

- *येशू र उहाँको मानिसहरुलाई दुःख दिनेलाई उहाँले के गर्नुभयो ?*

रोमी ८: ३१देखि ३२, ३५, येशू ख्रीष्टको चेलाभएपछि अन्याय र कष्टहरुको बारेमा पावलले के भने ?

(ङ) मत्ती ५: ४३ देखि ४८, १ पत्रुस ३:९

- *अन्याय र कष्टको बाटो भएर जाँदा हामी के गर्न बोलाईएका हुन्छौं ? हामीलाई दुःख दिनेहरुलाई हामीले के गर्नुपर्छ ?*

तपाईलाई चोट पुऱ्याउने मानिसहरुको बारेमा बिचार गर्नुहोस् ।

- *यी कठिन परिवेशमा पनि कसरी परमेश्वरले तपाईलाई आशिष दिनुहुन्छ ?*

### ५. चेलापनको कार्ययोजना

तपाईप्रति दया नभएको मानिसलाई येशूको प्रेम र शक्तिद्वारा तपाईले गर्ने कुनै एक काम लेख्नुहोस् ।

### ६. प्रार्थना

स्वर्गीय पिता यद्यपी अन्यायको सामना गर्नु परेतापनी मेरो जीवनलाई अधिन गर्नुभएको लागि तपाईलाई धन्यवाद । योसेफ र तपाईको पुत्र येशू जस्तै विश्वासिलो भई रहन मलाई सहायता गर्नुहोस् ताकी मलाई कष्ट दिनेहरुको लागि पनि म राम्रो काम गर्न सकुँ ।

### ७. यो हप्ताभरिमा मनन र कण्ठपार्ने बचनको खण्ड

"तिमीहरुले मेरो बिरुद्धमा हानि गर्ने बिचार गरेका थियौ तर परमेश्वरले त्यही कामद्वारा भलाई गर्ने बिचार गर्नुभयो, ताकी जसरी आज भइरहेको त्यसरी नै धेरै जना मानिसहरु बाँचिरहुन्" उत्पत्ति ५०:२० पद

### ८. अर्को पाठको तयारी गर्नुहोस्

चार जना सहभागीहरुलाई अर्को पाठमा दिईएको बाइबलको खण्डहरुलाई पढेर तयारी हुन लगाउनुहोस् ।

# मोशा



### बाइबलको मुख्य खण्डहरु

प्रस्थान १:८ देखि १४, २: २३ देखि २५, १४:२३ देखि ३१

### पाठको मुख्य भाग

उहाँको दास मोशाद्वारा परमेश्वरले आफ्ना मानिसहरुलाई स्वतन्त्रताको नयाँ जीवन दिनलाई थिचोमिचोबाट छुट्कारा दिनुभयो ।

### ख्रीष्टिय अनुशासन

येशू हाम्रो मुक्तिदातालाई पछ्याएर हामी सबै किसिमको डर, पाप र दुष्टताको थिचोमिचोबाट स्वतन्त्र जीवन जिउन सिक्छौं ।

### १. कार्य योजनाको प्रतिवदेन

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पुरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

### २. परिचयात्मक प्रश्नहरु

- के तपाईलाई थिचोमिचो र शोषणमा परेका मानिसहरु थाहा छ ? वा तपाई कहिल्यै शोषणमा पर्नुभएको छ ?
- थिचोमिचो र शोषणलाई अझ राम्रोसँग बुझाउने अरु शब्दहरु के के हुन् ?

### ३. खण्ड पढ्नुहोस् र बुझ्नुहोस् ।

(क) प्रस्थान १:८ देखि १४

- योसेफको मृत्युपश्चात् इस्राएलीहरुलाई के भयो ? इस्राएलीहरुको जीवन शैली कस्तो थियो ?
- तपाई मिश्र देशमा इस्राएली भएको भए तपाईको प्रार्थना कस्तो हुने थियो होला ?

(ख) प्रस्थान २:२३ देखि २५

- थिचोमिचोमा दासत्व जीवन भोगीरहेकाहरुको क्रन्दन कसले सुन्यो ?
- करार सम्झना गर्नु भन्नुको अर्थ के हो ?
- उत्पत्ति १२:२ देखि ३ सम्म परमेश्वरले के प्रतिज्ञा गर्नुभयो ?
- किन अब्राहामसँग बनाउनुभएको करार परमेश्वर आफैंले बिर्सनुभए जस्तो देखिन्छ ?

(ग) अघिल्लो पाठमा तयारी गर्न भनिएका चारजना सहभागीहरुलाई तल दिईएका प्रश्नहरुको जवाफ दिन लगाउनुहोस् ।

- किन मोशाको आमाले उनलाई लुकाईन् ? मोशा किन फारोको दरवारमा हुर्कियो ? प्रस्थान २:१देखि २२
- परमेश्वरले मोशालाई कहाँ भेट्नुभयो ? उसलाई के गर्न बोलाउनुभयो ? के परमेश्वरले जे गर्न बोलाउनुभएको थियो सो काम गर्न मोशा राजी थिए ? प्रस्थान ३ – ४
- फारोसँग मोशा र हारुनले के सोधे ? फारोले कस्तो जवाफ दिए ? फारो इस्राएलीहरुलाई मिश्र देशबाट पठाउन बाध्य थियो तसर्थ फारोलाई यो बाध्यतामा पुऱ्याउने अन्तिम विपत्ति के थियो ? ५ –१२
- के भयो जब इस्राएलीहरु मृत सागरमा आईपुगे ? १३:१७ – १४

(घ) प्रस्थान १४:२३ देखि ३१

- यो कथाको सुरुवातमा को चाहिँ बलियो जस्तो देखिन्छ ? को चाहिँ डराएको थियो ? को चाहिँ साँच्ची नै बलियो थियो ?

प्रस्थान १४:३१, १५:१, २०, मिश्रदेशको थिचोमिचोबाट जब परमेश्वरले इस्राएलीहरुलाई छुट्कारा दिनुभयो तब के भयो ?

## ४. मनन गर्नु

(क) प्रस्थान १४:१० देखि १४

- मोशालाई विश्वास गर्नु र उनलाई पछ्याउनु किन परमेश्वरका मानिसहरुलाई सधैं सहज थिएन ?

(ख) प्रेरित ३:२२

- पाप र दुष्टताको थिचोमिचोबाट परमेश्वरका मानिसहरुलाई बचाउन आउने अगमवक्ताको बारेमा मोशाले बोल्नुभयो, उहाँ को हुनुहुन्थ्यो ?
- जसरी परमेश्वरले इस्राएलीहरुलाई मोशालाई पछ्याउन बोलाउनुभयो त्यसरी नै, येशू ख्रीष्टलाई पछ्याउन र भरोसा गर्न हामीलाई बोलाउनुहुन्छ । किन येशूलाई पछ्याउनु सधैं सजिलो हुँदैन ?

हामीले थिचोमिचोको अनुभुति गर्ने केही अवस्थाहरुको उदाहरण दिनुहोस् ।

- जब हामीलाई **र्दुव्यवहार** गर्ने दुष्ट शक्ति वा मानिसहरुको सामना गर्छौं ।
- जब **पाप र परिक्षामा** पर्ने सम्भावना अधिक हुन्छ ।
- जब हामी **अरुहरुलाई र्दुव्यवहार** गर्छौं ।

२ तिमोथी १:७, हामीले थिचोमिचोको सामना गर्दा परमेश्वरले हामीलाई के दिनुहुन्छ ?

## ५. चेलापनको कार्ययोजना

थिचोमिचोको तीनवटा अवस्थाहरुः दुष्टताको र्दुव्यवहार, पाप र अरुहरुलाई र्दुव्यवहार, यी अवस्थाहरुमाथि विजयी हुन तपाईले आउने हप्ताभरि गर्नुहुने कुनै एक काम लेख्नुहोस् ।

## ६. प्रार्थना

स्वर्गीय पिता इस्राएलीहरुलाई मिश्रदेशमा नै नछाडि तपाईको महान् शक्तिमा उनीहरुलाई छुट्कारा दिन मोशालाई पठाउनुभएकोमा तपाईलाई धन्यवाद । मलाई पाप र दुष्टताको थिचोमिचोबाट छुटाउन येशूलाई यस संसारमा पठाउनुभएको लागि धन्यवाद । हरेक दिन स्वतन्त्र भएर म येशूलाई भरोसा गरी पछ्याउन चाहन्छु मलाई सहायता गरिदिनुहोस् । आमेन ।

## ७. यो हप्तामा मनन र कण्ठ पार्ने वचनको खण्ड

“किनभने परमेश्वरले हामीलाई डरको आत्मा होईन तर शक्ति, प्रेम र आत्मसंयमको आत्मा दिनुभएको छ” । २ तिमोथी १: ७ पद।

# निस्तार चाड



**बाइबलको मुख्य खण्डहरु**

प्रस्थान १२:१ देखि १६, व्यवस्था १६:१ देखि ८

**पाठको मुख्य भाग**

एक आशिष र स्वतन्त्र जीवनको लागि परमेश्वरले उहाँको मानिसहरुलाई मिश्रदेशमा बस्दाखेरीको डर, थिचोमिचो र कष्टबाट छुटाउनुभयो । परमेश्वरले हरेक बर्ष निस्तार चाडको उत्सवमा यो छुट्कारालाई सम्भन र उत्सव मनाउन उनीहरुलाई बोलाउनुभयो ।

**ख्रीष्टिय अनुशासन**

हामी परमेश्वरले हाम्रो डर, थिचोमिचो, पाप र कष्टबाट गर्नुभएको छुट्काराको कामलाई सम्भन र उत्सव मनाउन सिक्नेछौं ।

**१. कार्य योजनाको प्रतिवदेन**

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पूरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

**२. परिचयात्मक प्रश्नहरु**

कल्पना गर्नुहोस् तपाई धेरै समयदेखि अति नै डरलाग्दो जेलमा हुनुहुन्थ्यो । एक दिन अति नै शक्तिशाली व्यक्ति जेलमा आएर तपाईलाई छुट्कारा दिए । त्यसपछि तपाई स्वतन्त्र हुनुभएकोमा उक्त व्यक्तिले तपाईलाई उसको घरमा परिवारसँग उत्सव मनाउन ल्याए । अब बिचार गर्नुहोस्, तपाई यो उत्सव कसरी मनाउनुहुन्छ ?

## ३. खण्ड पढ्नुहोस् र बुझ्नुहोस् ।

(क) व्यवस्था १६:१देखि ८

निस्तारको धेरै वटा पाटाहरु छन् । हरेक पाटोले इस्राएलीहरुलाई थिचोमिचोबाट उनीहरुको छुट्कारा सम्झन र उत्सव मनाउन मद्दत गऱ्यो ।

- निस्तारको पाठो
- खमिर नहालेको रोटी र तीतो सागपात्
- खाना

(ख) निस्तारको पाठो – प्रस्थान १२:६ देखि १३

➢ इस्राएल परमेश्वरको न्यायबाट जोगिएको छ भनि निस्तारको पहिलो पाठले कसरी देखाउँछ ?

### व्याख्यात्मक टिपोट

इस्राएलीहरु नमरुन् भनि पहिलो निस्तारको पाठो बलि चढाईएको थियो । यो छुट्काराको पाठो थियो । इस्राएलीहरुको ईतिहास भरिनै निस्तारले उनीहरुलाई परमेश्वरको न्याय र मृत्युबाट डराउन नपर्ने कुराको सम्झना गरायो किनभने उनीहरुको सट्टा छुट्काराको पाठो मारिएको थियो । छुट्काराको पाठोले तिनीहरुलाई परमेश्वरको प्रेम र विश्वासनियताको सम्झना पनि गरायो ।

- १ कोरिन्थि ५:७, *येशूलाई के भनि सम्बोधन गरिएको छ ? यूहन्ना १:२९ मा बप्तिस्मा दिने यूहन्नाले येशूलाई के भनि बोलाएका छन् ?*
  यी खण्डहरु पनि पढ्नुहोस् १ पत्रुस १:१८ देखि २१, यशैया ५३:७ देखि ८

(ग) खमिर नहालेको रोटी र तीतो सागपात

- प्रस्थान १२:८, *जब इस्राएलीहरुले तीतो साग खान्थे तब उनीहरुले के सम्झन्थे ? कुनै नमिठो अनुभव छ जहाँबाट परमेश्वरले तपाईलाई छुट्कारा दिनुभयो ?*
- प्रस्थान १२:८, व्यवस्था १६:३, खमिर नहालेको रोटी तयारी गर्दा इस्राएलीहरुले के कुरा सम्झन्थे ? खमिर शव्दको अर्थ थिचोमिचो र तीतोपना पनि हुन्छन् ।
- प्रस्थान १३:७ देखि १०, व्यवस्था १६: ४

➢ मिश्र देशबाट आएपछि निस्तारको दिन अघि हप्ताभरि नै के गरिन्थ्यो ? परमेश्वरले उनीहरुलाई पाप र दुष्टताको थिचोमिचोबाट एक नयाँ स्वतन्त्र जीवनको लागि बोलाउनुभएको छ भनि उक्त निस्तार चाडको उत्सवले कसरी देखाउँछ ?

- लुका १२:१ देखि ३, १ कोरिन्थी ५:६ देखि ८, नयाँ नियममा खमिरले लुप्त पापलाई जनाउँछ। खमिर बिनाको रोटी जस्तै हुनु भनेको के हो ? १ को.५:८

(घ) भोजन : व्यवस्था १६:२, ४: ७, इस्राएलीहरुको साँचो परमेश्वर अरु देवताहरुभन्दा कसरी फरक हुनुहुन्थ्यो ?

- १ को. ११:२३ देखि २६
- *उहाँको वलिदान, पाप र दुष्टको थिचोमिचोबाट हाम्रो स्वतन्त्रताको सम्भनाको निम्ति येशूले हामीलाई कस्तो भोजन दिनुहुन्छ ?*
- प्रकाश १९:९ पद, जब येशू आउनुहुनेछ तब हामी सबै के गर्दैहुनेछौं ?

## ४. चेलापनको कार्ययोजना

इस्राएलीहरुले निस्तारमा गरे जस्तै दुष्ट र पापबाट येशूले दिनुभएको छुट्कारा सम्भना गर्न अर्को हप्ता तपाईले गर्नुहुने एउटा काम लेख्नुहोस्।

- पाप र दुष्टताबाट परमेश्वरले हामीलाई छुट्कारा र सुरक्षा दिनुहुन्छ।
  उदाहरणको लागि : सुत्नुअघि हरेक दिन म परमेश्वरलाई धन्यवाद दिनेछु किनकी उहाँले मलाई दिनभरि नै पाप गर्नदेखि जोगाउनुभयो।
- परमेश्वरले क्षमा दिनुहुन्छ र हामीलाई शुद्ध तुल्याउनुहुन्छ।
  उदाहरणको लागि : मेरो नियमित क्रियाकलापहरु सुरु गर्नुभन्दा अघि म परमेश्वरसँग मेरा सबै लुप्त पापहरुबाट जोगाएर राख्न प्रार्थना गर्नेछु ताकी दिनभरि नै म परमेश्वरको आदर गर्नसकूँ।
- परमेश्वरले हामीलाई उहाँको समिपमा स्वागत् गर्नुहुन्छ।
  उदाहरणको लागि : यो शनिबार साँभ्क मेरो साथीलाई खानाको लागि बोलाउनेछु। अनि बिगतको वर्षमा कसरी परमेश्वरले हामीलाई उहाँको प्रेम र आशिष दिनुभएको छ भनि हामीसँगै सम्भना गर्नेछौ।
- येशूले हामीलाई उहाँले दिनुभएको छुट्काराको सम्भना गर्न र उत्सव मनाउन भोजन दिनुहुन्छ।
  उदाहरणको लागि : यो हप्ता धन्यवादको प्रार्थना तयारी गर्नेछु ताकी अर्को आईतवार प्रभुभोजमा यो प्रार्थनालाई चढाउन सकुँ।

## ५. प्रार्थना

स्वर्गीय पिता मलाई थिचोमिचो र पापबाट बचाउन येशूलाई पठाउनु भएकोमा तपाईलाई धन्यवाद। तपाईको प्रेमलाई हरेक दिन सम्भना गर्न मलाई सहायता गर्नुहोस्।

धन्यवाद भन्दछु, कृपया मलाई तपाईलाई प्रेम गर्न, येशूलाई पछ्याउन र हरेक दिन स्वतन्त्र भएर जिउन सिकाउनुहोस् । आमेन ।

## ६. यो हप्तामा मनन र कण्ठ पार्ने बचनको खण्ड

"बासी खमीर निकाली दऊ, तब मात्र तिमीहरु नयाँ ढिका बन्नेछौ । तिमीहरु साँच्चै खमीर बिनाको रोटी हौ । हो खृीष्ट जो हाम्रा निस्तारको पाठो हुनुहुन्छ, पहिल्यै मारिनु भएको थियो । यसैले हामी निस्तार भोजन खाउँ तर बासी खमिर भएको रोटी चाँहि होईन । बासी खमीर पाप र दुष्कर्मको खमीर हो । तर हामी बिना खमीरको रोटी खाउँ । पबित्रता र सच्चाईको रोटी यही हो । *१ को. ५:७ देखि ८*

## दश आज्ञाहरु



### बाइबलको मुख्य खण्डहरु

प्रस्थान २०:१ देखि १७, व्यवस्था ६:४ देखि ९, ३०:१५ देखि १६ लुका १०:२७

### पाठको मुख्य भाग

परमेश्वरले उहाँको मानिसहरुलाई कति प्रेम र आशिष दिन चाहनुहुन्छ भन्ने कुरा तिनीहरुलाई उहाँसँगको व्यक्तिगत सम्बन्ध वा करारमा रहनको लागि बोलाएर देखाउनुभयो । यो करारमा जिउनलाई परमेश्वरले इस्राएललाई तिनको हृदयमा उहाँको प्रेम स्वीकार गर्न र यो प्रेमको लागि धन्यवादी हुन बोलाउनुभयो । तर करारमा यो पाटो मात्र थिएन । प्रतिउत्तरमा उहाँलाई कसरी प्रेम गर्नै भन्ने कुरा पनि सिकाएर परमेश्वरले उहाँको मानिसहरुलाई आशिष दिन चाहनुहुन्थ्यो । परमेश्वरको मानिसहरुले उहाँलाई कसरी प्रेम गर्न सक्छन् ? उहाँमा भरोसा, र हृदयदेखि आज्ञाकारी भएर । उहाँमाथि भरोसा गर्न, आज्ञाकारी हुन, प्रेम र आदर गर्न सिकाउन परमेश्वरले उहाँको मानिसहरुलाई दश आज्ञाहरु दिनुभयो ।

### ख्रीष्टिय अनुशासन

परमेश्वरको प्रेम स्वीकार गरी, सम्पूर्ण हृदयले परमेश्वरलाई प्रेम गरी आज्ञाकारी भएर, र आफुलाई जस्तै छिमेकीहरुलाई प्रेम र आदर गरेर हामी पाप र थिचोमिचोबाट स्वतन्त्र भएर जिउन सिक्नेछौं ।

### १. कार्य योजनाको प्रतिवदेन

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पूरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

### २. परिचयात्मक प्रश्नहरु

- मिश्र देशको दासत्वमा हुँदा इस्राएलीहरुलाई परमेश्वरले उहाँको अचुक प्रेम कसरी देखाउनुभयो ?

## ३. खण्ड पढ्नुहोस् र बुझ्नुहोस्

### व्याख्यात्मक टिपोट

मिश्र देशबाट इस्राएललाई निकालेर ल्याईसकेपछि परमेश्वरले उनीहरुलाई तीन प्रकारका नियमहरु दिनुभयो : विधिअनुसारको औपचारिक नियम, सभ्यताको र नैतिक नियमहरु । बिधिअनुसारको अपौचारिक नियमहरु पुरानो नियमको लेवीको पुस्तकमा पाईन्छ । यी नियमहरुमा वलिदान, र महत्वपूर्ण घटनाक्रमहरु जोडिएका छन् जस्ले येशू ख्रीष्टको क्रूसको मृत्यलाई पुर्वचित्रर्ण गर्दछ । ( हिब्रु ९ र १०: १४ ) सभ्यताको नियमहरु सामाजिक र इस्राएलीहरुको व्यक्तिगत जीवनमा येशू ख्रीष्ट नआएसम्मको लागि लागुभएका थिए -प्रस्थान २२ । पुरानो नियममा भएका यी नियमहरुले हाम्रो लागि येशू र उहाँको वलिदानलाई पूर्वचित्रण स्वरुप बुझ्न सहायता गर्दछन् । तर येशूद्वारा भएर परमेश्वरसँग व्यक्तिगत सम्बन्धमा रहनको लागि आज हामीलाई ती नियमहरुको जरुरी पर्दैन । दश आज्ञाहरुले इस्राएलीहरुलाई दिईएको नैतिक नियमहरु प्रस्तुत गर्दछन् । येशूले मत्ती ५:१७ देखि ४८ मा व्याख्या गरेझैं हामी ईसाईहरुको लागि नैतिकताको नियमहरु अझै पनि मान्य छन् । यी दशआज्ञाहरुद्वारा हामी परमेश्वर र छिमेकीलाई प्रेम गर्न सिक्नेछौं ।

(क) प्रस्थान १९:१देखि ८

प्रतिज्ञाको देशमा जाँदै गर्दा परमेश्वरको करार पक्का गर्न र हरेक दिन पाप र थिचोमिचो बाट स्वतन्त्र भई कसरी जिउने सो कुरा सिक्नको लागि इस्राएलीहरु सीनै पर्वतमा रहे ।

- इस्राएलीहरुलाई परमेश्वरले दिनुभएको सन्देशको तीन वटा भागहरु के के थिए ? पद ४ देखि ६
- परमेश्वरका मानिसहरु प्रेम गरिएका छन् र मू
- ल्यवान् छन् भनि परमेश्वरले कसरी देखाउनुभयो ?
- परमेश्वरको प्रेमलाई कसरी प्रतिक्रिया दिन इस्राएल बोलाईएको थियो ?
- परमेश्वर र मानिसबीचको सम्बन्ध व्याख्या गर्न पद ५ मा कुन शब्द प्रयोग गरिएको छ ?
- पद ८ अनुसार परमेश्वरको सन्देशलाई इस्राएलीहरुले कसरी प्रतिक्रया दिए ?

(ख) प्रस्थान २०:१ देखि १७

- दशआज्ञाहरु कसरी शुरु भए ? १र २ पद
- कसरी यो सुरुवाती, १९:४ पदमा दिईएको सन्देशसँग मिल्दो जुल्दो छ ?
- परमेश्वरले तिनीहरुलाई दिनुभएको छुट्कारा नर्बिसनु किन इस्राएलीहरुको लागि महत्वपूर्ण थियो ?

(ग) प्रस्थान २०:१७ यो खण्डमा हामी दशौँ आज्ञालाई मनन गर्नेछौँ । " आफ्नो छिमेकीको लालच नगर्नु"

**व्याख्यात्मक टिपोट**

हामीसँग सम्बन्धित नभएको कुराको चाहना गर्नु लालच गर्नु हो । जब हामी लालच गर्छौं यसले परमेश्वरले हामीलाई दिनुभएको जीवनप्रति हाम्रो असन्तुष्टि देखाउँदछ । परमेश्वरले हामीलाई नदिनुभएको कारण हामीलाई तितो महशुस हुन्छ र हाम्रो उहाँसँगको असल सम्बन्ध पनि बिग्रन्छ । तर आफ्नो लक्ष्य हासिल गर्न कडा मिहिनेत गर्नु चाँहि लालच गर्नु होईन । उदाहरणको लागि एक जवान मानिसले खेलकुदमा अब्बल हुन कडा मेहनत गर्न सक्छ । र कुनै सफल व्यक्तिको नक्कल गर्नुलाई जोस भनिन्छ, तसर्थ जोस र लालच बीच हामी भ्रमित हुनुहुँदैन ।

- हाम्रो जे होईन त्यो कुराको लालच गर्दा हामीले कस्को मन दुखाउँछौँ ? हिब्रु १३:५
- के हुन्छ जब हामी लालच गर्छौं ? याकुब ४:१ देखि ३
- के कुरालाई प्रेम गर्नु खतरा हुन्छ ? १ तिमोथि ६:६ देखि १०
- लालचमाथि विजय पाउन पावलले सिकेको रहस्य के थियो ? फिलिप्पी ४:१२ देखि १३

## ४. चेलापनको कार्ययोजना

पावलले जस्तै सन्तुष्ट हुनको लागि रहस्यमय कुरा सिक्न तपाईले गर्नुहुने कुनै एउटा काम लेख्नुहोस् । उदाहरणको लागि : हरेक बिहान नियमित कामहरु गर्नु अघि परमेश्वरको प्रेम र मलाई उहाँले दिनुभएको कुराहरुप्रति धन्यवाद दिनेछु । त्यसै गरी सुत्नु अघि म परमेश्वरलाई दिनभरिको जीवनको लागि धन्यवाद दिनेछु ।

## ५. प्रार्थना

स्वर्गीय पिता, येशू पठाई मलाई तपाईसँग व्यक्तिगत सम्बन्धमा जिउन बोलाउनुभएको लागि धन्यवाद । म जहाँ छु जो छु त्यसको लागि तपाईलाई धन्यवाद । मलाई सन्तुष्ट रहन र मसँग जे छ त्यसबाट अरुहरुलाई सहायता गर्न मलाई मदत गर्नुहोस् । आमेन ।

## ६ आउने हप्ता मनन र कण्ठपार्ने बचनको खण्ड

"पैसाको मोह देखि आफुलाई टाढा राख । आफुसित जे छ त्यसैमा सन्तुष्ट होऊ । परमेश्वरले भन्नुभएको छ "म तिमीलाई कहिल्यै छोड्ने छैन र त्याग्ने छैन" । हिब्रु १३: ५ पद

## ७. अर्को पाठ तयारी गर्नुहोस् ।

अर्को पाठमा दिईएका चावटा खण्डहरु पढेर तयारी हुन चार जना सहभागीहरुलाई अह्र्याउनुहोस् ।

# मरुभूमि



**बाइबलको मुख्य खण्ड**

व्यवस्था ८:१देखि ५

**पाठको केन्द्रित भाग**

परमेश्वरले इस्राएलीहरुलाई मिश्रदेशबाट छुट्कारा दिएपछि मरुभूमिको बाटो भएर तिनीहरुलाई प्रतिज्ञाको देशमा अगुवाई गर्नुभयो ।

**ख्रीष्टिय अनुशासन**

मरुभूमिको जस्तै अनुभवहरुबाट हामी खीष्टिय परिपक्वतामा बृद्घि हुन्छौं ।

**१ कार्य योजनाको प्रतिवदेन**

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पुरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

**२ परिचयात्मक प्रश्नहरु**

पुरानो र नयाँ नियमका मानिसहरुको जीवनमा भएका गाह्रो र निराशाजनक परिस्थितिहरुको बारेमा बिचार गर्नुहोस् । रोग, अनिकाल, पारिवारीक कलह, सतावट ईत्यादि । त्यसै गरी तपाईको जीवन वा परिवारको बारेमा पनि सोच्नुहोस् ।

**३ खण्ड पढ्नुहोस् र बुभ्नुहोस् ।**

क प्रस्थान १५:२२ – १७:१६

अब अघिल्लो पाठमा खण्ड पढ्न अह्र्याउनुभएको चार सहभागीहरुलाई यी खण्डहरुमा के भए छोटकरीमा भन्न लगाउनुहोस् ।

- किन इस्राएलीहरुले मोशासँग झगडा गरे र परमेश्वरले के गर्नुभयो ? प्रस्थान १५:२२ देखि २७

- ➢ फेरी किन उनीहरुले मोशासँग झगडा गरे र परमेश्वरले के गर्नुभयो ? १६:१ देखि ३६
- ➢ किन निरन्तर मोशासँग झगडा गरे र परमेश्वरले कसरी प्रतिक्रिया दिनुभयो ? १७:१ देखि ७
- ➢ प्रतिज्ञाको देशमा आईसकेपछि इस्राएलीहरुलाई के भयो ? व्यवस्था १:१९ – ४०

(ख) व्यवस्था ८:१ देखि ५, इस्राएलीहरुले चालिस बर्ष मरुभूमिमा बिताउँदा परमेश्वर के गर्दै हुनुहुन्थ्यो ?

## ४. मनन गर्नुहोस्

मत्ती ४: १–११, मरुभूमिमा परिक्षित हुनको लागि को लगिएको थियो ?

येशू मरुभूमिमा ४० दिनसम्म हुनु कसरी इस्राएलीहरु ४० बर्ष मरुभूमिमा रहनु भन्दा फरक थियो ?

हिब्रु ५: ८, आफुले भोगेको कष्टबाट येशूले के सिक्नुभयो ?

हामीले सतावट र अप्ठ्यारो परिस्थितिको सामना गर्दा मरुभूमिको बाटो भएर गएजस्तै हुन्छ । र यी अप्ठ्यारो परिस्थितिहरुले हामीमा परिपक्वताको बिकास गर्छ भन्ने कुरा बुझ्न सहज छैन । जस्तै उदाहरणको लागि :

- जब हाम्रो जीवन सजिलो र सुखमय छैन
- जब हामीलाई वा हामीले औंधी माया गरेको कसैलाई रोग लाग्छ वा दुर्घटना हुन्छ ।
- जब अरुहरुले हामीलाई दुर्व्यवहार गर्छन् ।
- जब हामी हाम्रो आफ्नै मुर्खताको परिणामहरुले सताईन्छौं ।

यी मरुभूमिको समयमा हामी इस्राएलीहरुले जस्तै परमेश्वर हुनुहुन्न, वा हामीलाई प्रेम र वास्ता गर्नुहुन्न भनि बिचार गर्न परिक्षामा पर्न सक्छौं ।

- ➢ हामी किन मरुभूमि जस्तै पीडादायिक समयमा पनि आनन्दित हुन सक्छौं ? १ पत्रुस १:६–७
- ➢ मरुभूमिको बाटो कसलाई थाहा छ र हाम्रो जीवनमा आईपर्ने मरुभूमिहरुमा हाम्रो साथमा को रहनुहुन्छ ?

## ५. चेलापनको कार्ययोजना

तपाईंले आफ्नै जीवनमा भोग्नुभएको कुनै एउटा गाह्रो परिस्थिति वा निराशाजनक कुनै घटना लेख्नुहोस् । र आउने हप्ता हिब्रु ४:१४–१६ पढ्नको लागि समय निकाल्नुहोस् । अब बिचार गर्नुहोस् कि तपाईको सो परिस्थितिलाई पद १६ अनुसार कस्तो प्रतिक्रिया दिनुहुन्छ, लेख्नुहोस् ।

## ६. प्रार्थना

स्वर्गीय पिता मरुभूमिमा तपाईले आफ्ना मानिसहरुलाई त्यागनुभएन यद्यपी उनीहरु असन्तुष्टि र गनगन गर्दथे । तपाईलाई धन्यवाद किनकी मृत्यु र जीवन दुवैमा विश्वासयोग्य येशू तपाईले पठाउनुभयो । मलाई तपाईको अनुग्रह र प्रेमले पुर्नजागृत गर्नुहोस् ताकी मेरो जीवनका मरुभूमितुल्य क्षणहरुमा पनि म तपाईलाई भरोसा गर्दै प्रेम गर्न सकुँ ।

## ७. मनन र कण्ठपार्ने बचनको खण्ड

“येशू हाम्रो प्रधान पुजाहारी हुनुभएकोले परमेश्वरको अनुग्रहको सिंहासन अघि उभिन हामीलाई स्वतन्त्रता छ । त्यहाँ हामी सहायताको निम्ति करुणा र अनुग्रह पाउँछौं” हिब्रु ४:१६

# यहोशू



**बाइबलको मुख्य खण्ड**

यहोशू ५: १३ देखि १५

**पाठको केन्द्रित भाग**

चालिस बर्ष मरुभूमिको यात्रा पछि परमेश्वरले इस्राएलीहरुलाई प्रतिज्ञाको देशमा विजय र आशिषको लागि अगुवाई गर्न यहोशुलाई बोलाउनुभयो ।

**खीष्टिय अनुशासन**

हामी येशूलाई पछ्याउन र उहाँले हाँसिल गर्नुभएको डर र दुष्टमाथिको बिजयमा सहभागी हुन सिक्नेछौं ।

**१. कार्य योजनाको प्रतिवदेन**

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पूरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

**२. परिचयात्मक प्रश्न**

तपाईको वरिपरि भएका मानिसहरु प्रायजसो के देखि डराउँछन् ?

**व्याख्यात्मक टिपोट**

प्रतिज्ञाको देशमा यहोशूको विजयले अरु सबै देशका मानिसहरुलाई परमेश्वर मात्र साँचो र अरु झुटा देवताहरुभन्दा शक्तिशाली हुनुहुन्छ भनि देखायो । यहोशूको कथाले हामीलाई हाम्रो बिरोधीहरुसँग हातहतियार सहित युद्ध गर्न सिकाउँदैन जुन कुरा मत्तीको ५:३८–४५ र एफिसी ६:१२ मा पनि पाईन्छ ।

**३. खण्ड पढ्नुहोस् र बुझ्नुहोस् ।**

गन्ती १३: १६–१४:११ डर

- जब पहिलो चोटि इस्राएलीहरु प्रतिज्ञाको देशमा आईपुगे तिनीहरु किन डराए ?

यहोशू २ राहब

- राहाबले परमेश्वरका मानिसहरुलाई उनीहरुको डर र अर्धविश्वासबाट बिजय हुन कसरी सहायता गरिन् ?

अध्याय ३, यर्दन नदी

- यर्दन नदी पार गरेको घटनाले इस्राएलीहरुलाई के कुराको सम्झना गरायो ? पद ७,
- यो घटनाले उनीहरुको डर र दुविधामाथि विजय हुन कसरी सहायता गऱ्यो ?

अध्याय ५:१३–१५, परमेश्वरका सेनाहरुका सेनापति

- यो घटना कसरी प्रस्थान ३:४–५ को घटनासँग मिल्दो जुल्दो छ ?
- यो घटनाले इस्राएलीहरुको डरमाथि विजय हासिल गर्न कसरी सहायता गऱ्यो ?

यहोशू २३:१, अनुसार यहोशूको जीवनको अन्तिम क्षणमा परमेश्वरले इस्राएललाई के दिनुभयो ?

**व्याख्यात्मक टिपोट**

बाइबलमा विश्राम शब्दले एक आशिषीत र थिचोमिचोबाट स्वतन्त्र भएको जीवन पनि दर्शाउँछ ।

**यहोशू २४: १४ –१८**

- यहोशूले उनको जीवनकालको अन्तमा मानिसहरुको माझ कस्तो ईच्छा व्यक्त गरे ?
- उनको सन्देश कसरी मोशाको जस्तै थियो ? व्यवस्था ८:१९–२०
- मोशा र यहोशूलाई इस्राएलीहरुलाई कुन परिक्षामाथि विजय हुन बोलाए ?

## ४. मनन गर्नुहोस् ।

(क) गन्ती १३:१६

यहोशू मोशाले दिएको नाम हो जसको अर्थ हो "परमप्रभुले बचाउनुहुन्छ" । यहोशूद्वारा परमेश्वरले इस्राएलीहरुलाई उनीहरुको डरको र अर्धविश्वासको जीवनदेखि बचाउनुभएर प्रतिज्ञाको देशमा विजय र आशिषमा डोऱ्याउनुभयो । हिब्रु भाषामा यहोशु र येशू एउटै अर्थ लाग्ने शब्दहरु हुन् ।

- मत्ती १:२१ अनुसार किन येशूलाई सो नाम दिईएको थियो ? यहोशूले जस्तै येशूले हामीलाई हाम्रो डरको र अर्धविश्वासको जीवन देखि बचाएर विजयी र आशिषीत जीवनमा डोऱ्याउनुहुन्छ ।

(ख) मोशा र यहोशूले इस्राएलीहरुलाई परमेश्वरमा भरोसा गर्न र सम्पूर्ण हृदयले उहाँको सेवा बोलाए जस्तै येशूले पनि हामीलाई सोही गर्न बोलाउनुहुन्छ । मर्कुस १२:२८–३१

(ग) यहोशू २४:१६–१८

मोशा र यहोशुद्वारा परमेश्वरले के गर्नुभयो ताकी इस्राएलीहरु यी कुराहरु माथि बिजय पाउन सकुन् :

- ➢ डर र परमेश्वरमाथि भएको अर्धविश्वासमाथि विजय
- ➢ सम्पूर्ण हृदयले परमेश्वरको सेवा र उहाँलाई प्रेम गर्न

रोमी ८:३१–३९, येशू ख्रीष्टद्वारा परमेश्वरले के गर्नुभयो र अहिले येशू के गर्दै हुनुहुन्छ, ताकी हामी यी कुराहरु गर्न सकौँ :

- ➢ परमेश्वरप्रतिको अर्धविश्वास र डरदेखि विजयी
- ➢ सम्पूर्ण हृदयले परमेश्वरको सेवा र उहाँलाई प्रेम गर्न

## ५. चेलापनको कार्ययोजना

विगतको हप्ता तपाईले लेख्नुभएको निराशाजनक कुराको पुर्नबिचार गर्नुहोस् । अब तपाई यो अप्ठ्यारो वा निराशाजनक परिस्थितिबाट विजयी पाउन यो हप्ताभरि के गर्नुहुन्छ लेख्नुहोस् ।

## ६. प्रार्थना

स्वर्गीय पिता बिबिध खतराको बाबजुत तपाईले यहोशूको अगुवाईमा आफ्ना मानिसहरुलाई प्रतिज्ञाको देशमा ल्याउनुभयो । येशू, नयाँ यहोशू हामीलाई डर र दुष्टबाट छुटाउन पठाउनुभएको लागि धन्यवाद । मलाई यस कुरामा निश्चिन्त बनाउनुहोस् कि तपाईले मलाई प्रेम र वास्ता गर्नुहुन्छ । मेरो सम्पूर्ण हृदयले तपाईलाई प्रेम र सेवा गर्न सिकाउनुहोस् ।

## ७. यो हप्तामा मनन र कण्ठ पार्ने बचनको खण्ड

"तर परमेश्वरको प्रेमको कारणले हामी ती सबै कुराहरुमा पूर्ण विजयी हुन्छौं । हो म निश्चिन्त छु कि कुनै चीजले पनि हामीलाई परमेश्वरको प्रेमबाट अलग पार्न सक्दैन न मृत्यु वा जीवनले न स्वर्गदुतहरु वा शासन गर्ने आत्माहरुले न त कुनै वर्तमानका वा भविष्यका कुराले न त माथिका वा तलका शक्तिले न त सारा संसारको कुनै अरु सिर्जित कुराले हाम्रो परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछ जो हाम्रा प्रभु ख्रीष्ट येशूमा छ" । ***रोमी ८:३७–३९***

## ८. अर्को पाठको पुर्वतयारी गर्नुहोस्

अर्को पाठमा दिईएको बचनको खण्डहरुलाई पढेर तयारी हुन चार जना सहभागीहरुलाई अह्राउनुहोस् ।

# दाऊद




**बाइबलको मुख्य खण्ड**

२ शमूएल ७:१२–२९

**पाठको केन्द्रित भाग**

इस्राएलको पहिलो राजा शाऊलले इस्राएलीहरुलाई विश्वास साथ अगुवाई नगरेतापनि परमेश्वरले यो राष्ट्रलाई त्याग्नु भएन । इस्राएललाई सुरक्षित राख्न, तिनीहरुलाई परमेश्वरमा भरोसा राखी सम्पूर्ण हृदयले उहाँको सेवा गर्न सिकाउन परमेश्वरले दाऊदबाट शूरु गरी अनन्तसम्म रहिरहने राजवंश खडा गर्नुभयो ।

**ख्रीष्टिय अनुशासन**

दाऊद राजाको जीवनी र राजकीय संस्थाको यो सत्य कथा (१ शमूएल १६, १ राजा २:१०) द्वारा हामीले गर्ने र बोल्ने सबै कुराहरुमा हाम्रो महान् राजा येशूलाई प्रशंसा गर्न सिक्नेछौं ।

**१. कार्य योजनाको प्रतिवदेन**

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्य योजना पूरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

**२. परिचयात्मक प्रश्नहरु**

- के तपाईलाई एक असल अगुवाबारे थाहा छ ?
- तपाईको देश, मण्डली र समुदायमा भएका अगुवाहरुको बारेमा बिचार गर्नुहोस् । एक असल अगुवाको गुणहरु के के हुन् ?

**व्याख्यात्मक टिपोट**

यहोशूको मृत्युपश्चात् इस्राएलीहरुलाई अगुवाई गर्न परमेश्वरले न्याकर्ताहरुलाई खडा गर्नुभयो । उनीहरुको बारे न्यायकर्ताहरुको पुस्तकहरुमा पाईन्छ । न्यायकर्ताहरुको समयमा इस्राएलीहरु परमेश्वरमा विश्वासीलो भईरहे । तर जब न्यायकर्ताहरुको मृत्युभयो तब इस्राएलीहरुले परमेश्वरसँगको करार विर्सिए र अन्य देवताहरुलाई पुज्न थाले । उदाहरणको लागि

न्यायकर्ता ८:३३–३४ हेर्नुहोस् । केही पुस्ताहरु बितिसकेपछि इस्राएलले परमेश्वरसँग राजा मागे जसले एक राजकीय घरनाबाट इस्राएल देशमा दृढ, वा स्थिर अगुवाईपन खडा गर्नेछ । इस्राएलको पहिलो राजा शाऊलको कथा १ शमूएल ८ – ३१ सम्म पाईन्छ । शाऊल विश्वास योग्य नभएको हुनाले अन्तत उसको शासन टिक्न सकेन ।

## ३. खण्ड पढ्नुहोस् र बुझ्नुहोस्

(क) अघिल्लो पाठमा खण्ड पढ्न अह्र्याउनुभएको चार सहभागीहरुलाई यी तलका खण्डहरुलाई छोटकरीमा व्याख्या गर्न लगाउनुहोस् ।

१ शमूएल १६:१–१३, शमूएलले दाऊदलाई अभिषेक गर्छन् ।

- के भयो जब दाऊदलाई अभिषेक गरियो ? पद १३

१ शमूएल १७ गोल्यतको पराजय

- परमेश्वरको आत्मा दाऊदमाथि हुनुहुन्थ्यो भन्ने कुरा यो घटनाले कसरी देखाउँछ ?

१८ – १९ अध्याय, शाऊले दाऊदको ईर्ष्या गर्छन् र उनलाई मार्न खोज्छन् ।

- जब दाऊदले इस्राएललाई उनीहरुको शत्रुदेखि छुट्कारा दिए तब शाऊल किन रिसाए ?

२ शमूएल ११ दाऊद र बेतशेबा

- परमेश्वरले दाऊदलाई दिनुभएको अधिकार दुरुपयोग गर्ने दाऊदको तीनवटा कार्यहरु के के हुन् ?

(ख) कहिल्यै अन्त नहुने एक राज्य

२ शमूएल ७:१२–१७

- दाऊदसँग परमेश्वरले के प्रतिज्ञा गर्नुभयो ?

२ शमूएल ७:१८–२९

- दाऊदले कस्तो प्रतिक्रिया दिए ?

आफ्नो जीवनको अन्तिम घडीमा दाऊदले एक महान् प्रशंसाको गीत गाए जुन चाहिँ २ शमूएल २२:१–२३:७ मा पाईन्छ ।

२ शमूएल २२:५० –५१

परमेश्वरको भलाई र प्रतिज्ञाले दाऊदमा के गर्ने चाहना जन्मियो ?

## ४. मनन गर्नुहोस् : दाऊद र येशू

- यर्मिया ३३:१४–१७, प्रतिज्ञाको देशदेखि टाढामा दाउदको मृत्युपछि जब इस्राएलीहरु पुर्नवासी भएर जिएका थिए, परमेश्वरले कस्तो वा के प्रतिज्ञा गर्नुभयो ? यशैया ९:७, ११:१, २ पद हेर्नुहोस् ।
- मत्ती २:१–३, १३, मर्कूस् १५:९–१०, परमेश्वरको अभिषित्त राजालाई शाऊले जस्तै कसले ईर्ष्या गऱ्यो ?

**व्याख्यात्मक टिपोट**

येशूको समयमा इस्राएल रोमी सेनाहरुको अधिनमा थियो । यहुदीहरुले धेरै बर्ष पहिले पलिश्तिहरुको हातबाट इस्राएलाई दाउदले छुट्कारा दिए जस्तै, रोमीहरुको हातबाट परमेश्वरले उनीहरुलाई छुट्कारा दिनुहुन्छ भनी आशा गरे ।

प्रेरित २:२९–३३

- ➢ दाऊद भन्दा येशू महान् र असल राजा हुनुहुन्छ भनी पत्रुसले कसरी देखाए ?

रोमी १:१–६

- ➢ २ शमूएल २२:५० –५१ मा दाऊदले गाएको प्रशंसाको गीत कसरी अन्यजातीहरुको माझ पावलको सेवाकाईमा पूरा हुन आयो ?

प्रकाश २२:१६

- ➢ यो खण्डअनुसार येशू को हुनुहुन्छ ?

## ५. चेलापनको कार्ययोजना

हाम्रो महान् राजा येशूलाई आदर र प्रेम गर्न अर्को पाठमा जानुपूर्व हप्ताभरि तपाईले गर्ने एक काम लेख्नुहोस् ।

## ६. प्रार्थना

स्वर्गीय पिता, दाउद राजलाई इस्राएलीहरुको शत्रुहरुबाट बचाउन खडा गर्नुभएको लागि तपाईलाई धन्यवाद । सबै जाती राष्ट्रहरुमा मुक्ति र आशिष ल्याउन हाम्रो शक्तिशाली र अनन्त राजा येशूलाई संसारमा पठाउनुभएको लागि धन्यवाद । मैले गर्ने र बोल्ने सबै कुराहरुमा मलाई विश्वासीलो गवाही बन्न सहायता गर्नुहोस् ।

## ७. यो हप्ताभरि मनन र कण्ठपार्ने बाइबलको खण्ड

"अनि यशैयाले भनेका छन्, एकजना मानिस यस्सीका परिवारबाट आउने छन् । ती मानिसले अयहुदीहरुमाथि राज गर्नेछन्, अनि ती मानिसको कारणले गैर यहुदीहरुले आशा प्राप्त गर्नेछन् ।"
***रोमी १५:१२***

# भजनसँग्रहरु



**बाइबलको मुख्य खण्ड**

भजनसँग्रह २३

**पाठको केन्द्रित् भाग**

हाम्रो सुख, हर्ष, गाह्रो अप्ठ्यारो समयहरुमा परमेश्वरलाई सुन्न, उहाँसँग कुरा गर्न भजनसँग्रहरुले सिकाउँदछन् ।

**खीष्टिय अनुशासन**

भजनसँग्रहरुको अध्ययनबाट हामीले सामना गर्ने अप्ठ्यारा समय र हाम्रो सुखका क्षणहरुमा पनि परमेश्वरलाई सुन्न र उहाँसँग कुराकानी गर्न सिक्नैछौं ।

**व्याख्यात्मक टिपोट**

प्राचिन समयदेखि नै परमेश्वरका मानिसहरुले १५० वटा भजनसँग्रहरु कण्ठपारी प्रशंसाका धुनहरुमा गाएका छन् । इस्राएलीहरुले बिभिन्न अवसरहरुमा भजनसँग्रहरु गीत स्वरुप गाएका छन् । निस्तार चाडको अवसरमा येशू र उहाँका चेलाहरुले पनि गाएका छन् । मण्डली ईतिहास भरिनै ख्रीष्टिय आराधनामा भजनसँग्रहरु गाईएका छन् ।

**१. कार्य योजनाको प्रतिवदेन**

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पुरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

**२. परिचयात्मक प्रश्न**

बिगतका केही हप्ताहरुमा तपाईले महशुस गर्नुभएको केही खुशीका अनुभवहरुको बारेमा बिचार गर्नुहोस् । त्यसैगरि दुःखका अनुभवहरुको बारेमा पनि बिचार गर्नुहोस् ।

**३. खण्ड पढ्नुहोस् र बुझ्नुहोस् ।**

भजन २३:१पद

- परमेश्वरलाई दाऊदले कसरी चित्रण गरेका छन् ?
- तपाईको बिचारमा दाउदले किन गोठाला भन्ने शब्दको प्रयोग गरे ?
- “मलाई कुनै कुराको खाँचो हुँदैन” लाई अरु शब्दहरु प्रयोग गरी कसरी भन्न सकिन्छ ?

पद २–३,

- दाऊदलाई गोठालोले कहाँ अगुवाई गर्छन् ?
- ‘हरियो खर्क र शान्त पानी’ लाई दाउदले कसरी बुझे ?
- तपाईलाई यसको के अर्थ लाग्छ ?

पद ३ख, २५:४–५

- गोठालोले दाउदलाई अरुकहाँ कहाँ अगुवाई गरे ? उनले कस्तो प्रकारको मार्गहरुको बारेमा बताए ?

पद ४

- दाऊदको जीवनमा कुन प्रकारको अनुभुवहरुले उनलाई “मृत्युको छायाँको देशभएर गए जस्तै भयो ?
  उदाहरणको लागि शाऊले दाऊदलाई मार्न लागेको समयको बारेमा बिचार गर्नुहोस् । (१ शमूएल १९:१) किन दाउद डराएनन् ? भजनसँग्रह २३:४ पद बुझ्न रोमी ८:३५–३९ ले हामीलाई कसरी सहायता गर्छ ?

पद ५

- यो पदमा उत्सवको चित्रण गर्ने शब्दहरु के के हुन ?
- दाऊदले केको उत्सव मनाउँदैछन् ? उदाहरणको लागिः गोल्यतमाथि दाऊदको विजयको बारेमा विचार गर्नुहोस् ।
- प्रेरित २:२५–३५ अनुसार कसरी येशूको विजयी दाऊदको भन्दा महान् थियो ?

पद ६, दाउदले आफूले गोठालोमाथि पुरा भरोसा राखेका छन् भनि कसरी देखाए ?

दाऊदको लागि परमेश्वरको घरमा बासगर्नु भनेको भेटहुने पालमा आराधनाद्वारा परमेश्वरालाई भेट गर्नुथियो ।

- यूहन्ना २:१८–२१, मत्ति १२:६ र प्रकाश २१:२२ पद अनुसार पुरानो नियमको भेटहुने पाल र मन्दिर, को व्यक्तिमा पुरा भयो ? र हामी ईसाईहरुको लागि परमेश्वरको घरमा सदासर्वदै बास गर्नु भनेको के होला ?

## ४. चेलापनको कार्ययोजना

अर्को पाठमा जानुपूर्व भजनसँग्रह २३ कण्ठपार्नुहोस् । खण्डमा भएका फरक चित्रहरु, र तपाईको लागि तिनीहरुको अर्थ को बारेमा बिचार गर्नुहोस् । येशू एकमात्र असल गोठालो हुनुभएकोमा परमेश्वरलाई धन्यवाद दिनुहोस् । आफ्नो खाँचोहरु उहाँको सामुमा ल्याउनुहोस् । यदि सक्नुहुन्छ भने यो खण्डमा आधारित गीत सृजना गर्नुहोस् र झुण्डमा सँगै गाउनुहोस् ।

## ५. प्रार्थना

स्वर्गीय पिता मेरो जीवनको हरेक क्षणहरुमा मसँग रहन र मलाई वास्ता गर्न येशू एक असल गोठाला पठाउनुभएको लागि तपाईलाई धन्यवाद । आज अनि मेरो सम्पूर्ण जीवनभरि पाप र दुष्टमाथि विजयीको जीवन जिउन मलाई सहायता गर्नुहोस् ।

## ६. यो हप्ताभरि मनन र कण्ठपार्ने बचनको खण्ड

भजनसँग्रह २३ः१–६ “परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन । उहाँले मलाई हरियो खर्कमा लेटाउनुहुन्छ, र मलाई शान्त पानीको छेउमा डोऱ्याउनुहुन्छ । उहाँले मेरो प्राणलाई पुर्नजिवित पार्नुहुन्छ । उहाँले आफ्नो नाउँको खातिर मलाई धार्मिकताको मार्गमा डोऱ्याउनुहुन्छ । मृत्युको अन्धकारमय घाटी भएर जानुपरे तापनि म कुनै खतरादेखि डराउनेछैन किनकी तपाई मेरो साथमा हुनुहुन्छ । तपाईको लट्ठी र तपाईको लहुरोले मलाई सान्त्वना दिन्छन् । मेरा शत्रुहरुका सामुन्ने तपाईले मेरो निम्ति भोज तयार पार्नुहुन्छ । तपाईले मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ, मेरो कचौरा भरिएर पोखिन्छ । निश्चय नै तपाईको भलाई र करुणा मेरो जीवनभरि मपछि लाग्नेछ, र परमप्रभुको घरमा म सदासर्वदा वास गर्नेछु ।”

# हितोपदेश



**बाइबलको मूख्य खण्ड**

हितोपदेश १:१–१९, ४:२०–२३

**पाठको केन्द्रित भाग**

हितोपदेशको अध्ययनबाट हामी परमेश्वरको मार्गहरु पछ्याउन, बुद्धिमानी र फलदायी जिवन जीउन सिक्नेछौँ ।

**खीष्टिय अनुशासन**

हितोपदेशको पुस्तकले हाम्रो जीवनलाई अनुशाशित बनाउन सिकाउँछ ताकी हामी बुद्धिमानी र फलदायी होऔँ । अनुशासनका तीन वटा पाटोहरु – हामीले समय बिताउने तरिका, यौनिक अनुशासन र उत्पादनशील, सच्चा र उदार जीवनशैलीसँग सम्बन्धित छन् ।

**१. कार्य योजनाको प्रतिवदेन**

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पुरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

**२. परिचयात्मक प्रश्नहरु**

१ राजा ३:४–१५ पढ्नुहोस्

- परमेश्वरले सोलोमनलाई जे मागे पनि दिन्छु भन्नुभयो तसर्थ सोलोमनले के मागे ?
- परमेश्वरले कस्तो प्रतिक्रया दिनुभयो ?

**३. खण्ड पढ्नुहोस् र बुझ्नुहोस् ।**

क हितोपदेश १:१–७

- अरु के के शब्दहरुले बुद्धिको बयान गर्छ ? बुद्धि कसरी सुरु हुन्छ ?

**व्याख्यात्मक टिपोट**

बाइबलमा परमेश्वरको भय मान्नु भनेको उहाँसँग डराएर लुक्नु होईन । हितोपदेश ३:५–७ ले परमेश्वरको भय मान्नु भन्ने कुरा बुझ्न कसरी सहायता गर्छ ।

हितोपदेश ४:२०–२७

- परमेश्वरले हामीबाट आशा गर्ने कुराहरु र आज्ञाहरुको सूची तयार पार्नुहोस् ।

**४. अनुशाशित ढंगले समयको प्रयोग गर्नु**

(ख) हितोपदेश ६:६–११, १२:११,२६:१३–१५

- कस्तो प्रकारका मान्छेहरुको बारेमा यी खण्डहरुमा बयान गरिएको छ ? तिनीहरुलाई के हुन्छ ?

तपाईको समय अझ उत्तम प्रकारले बिताउन अर्को हप्ता तपाईले गर्नुहुने एउटा काम लेख्नुहोस् ।

**५. यौनिक अनुशासन**

(ग) हितोपदेश ७:१–२७, यो मूर्ख जवान मानिसलाई के हुन्छ ?

कुनै प्रभावहरुको बारेमा बिचार गर्नुहोस् । जसले हाम्रो यौनिक सोचाईहरुमा र बानी व्यहोराहरुमा हामीलाई परिक्षामा पार्न सक्छन् ।

- प्रजनन् वा यौनिक जीवनलाई अनुशासित राख्न नसक्ने मानिसहरुलाई के हुन्छ ?

**६. उत्पादनशिलता, सच्चापन वा ईमान्दारी र उदारता**

(घ) हितोपदेश ३१:१३–१८,२०, २४

- किन यो खण्डमा एक महिलाको गुणगान गाईएको छ ?

हामी उत्पादनशिल हुन सकिने तरिकाहरुको सुची तयार पार्नुहोस् ।

हितोपदेश ११: १, २०:१०, २३, २३:१०

- परमेश्वर के घृणा गर्नुहुन्छ ? उहाँले के कुरालाई अनुमोदन वा ठीक ठहऱ्याउनुहुन्छ ?

मानिसहरुको आफ्नै लाभको लागि उनीहरुले गर्ने झुट र छलकपटको केही उदाहरणहरु दिनुहोस् ।

हितोपदेश ११:२४ –२६, १९:१७

- उदार मन भएका मानिसहरुलाई के हुन्छ ?

तपाईलाई थाहा भएको उदार मन भएका मानिसहरुको उदाहरण दिनुहोस् ।

हितोपदेश ३०:७–९

- यो खण्डमा अगुरले कुन कुन दुई कुराहरुको लागि प्रार्थना गरे ?

(ङ) १ कोरिन्थी १:३०

- यो खण्डमा कुन कुन तीन शब्दहरुले येशू ख्रीष्टद्वारा बुद्धिमान् हुन सकिन्छ भनि देखाउँछन ?

धार्मीकता : एक बुद्धिमानी व्यक्ति हुन तपाई के गर्न सक्नुहुन्छ ? हितोपदेश २८:१३

पबित्रता : १ यूहन्नाा १:९ पदले हामीलाई पवित्र हुन के सिकाउँछ ?

उद्धार वा मुक्तिः हामीमा भएको पापलाई फुकाल्न हिब्रु १२:२ पदले हामीलाई के गर्न सिकाउँछ ?

(च) हितोपदेश १५:२२, याकुव १:५

- हामी कसरी बुद्धिमा बढ्न सक्छौँ ?

## ७. चेलापनको कार्ययोजना

अर्को पाठमा जानुपुर्व अझ बुद्धिमानी र अनुशासित जीवन जिउन तपाईले गर्नुहुने एउटा काम लेख्नुहोस् ।

## ८. प्रार्थना

स्वर्गीय पिता मलाई प्रेम र आशिष दिनुभएको लागि धन्यवाद । बुद्धिमानी र उत्पादनशील येशूको चेला कसरी हुने मलाई देखाउनुहोस् ।

## ९. यो हप्ताभरि मनन र कण्ठ पार्ने बाइबलको खण्ड

**हितोपदेश ३:५–७** “आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख् र तेरो आफ्नै समझशक्तिमा भर नपर्, आफ्ना सारा मार्गमा उहाँलाई सम्झी, र उहाँले तेरा मार्गहरु सोझा तुल्याइदिनुहुनेछ । आफ्नै नजरमा बुद्धिमान् नहोऊ, परमप्रभुको भय मान् र दुष्कर्मलाई त्याग् ।”

# अगमवक्तहरु



## बाइबलको मुख्य खण्ड

यशैया ५२:९–१२, ५२:१३–५३:१२, ५५:६–१३

## पाठको केन्द्रित भाग

इस्राएलीहरु अनाज्ञाकारी भई प्रतिज्ञाको देशबाट टाढा प्रवासमा बसेतापनि परमेश्वरले उनीहरुलाई त्याग्नुभएन । परमेश्वरको विश्वासनीयता, उनीहरुको करारमा रहेर गर्नुपर्ने जिम्मेवारीहरु र आउनेवाला मसिहको बारेमा तिनीहरुलाई सम्झाउन उहाँले समाचारवाहक, अगमवक्ताहरु पठाउनुभयो ।

## खीष्टिय अनुशासन

परमेश्वर उहाँको बचन, बाइबलद्वारा हामीसँग बोल्नुहुन्छ तसर्थ उहाँको बचन सुनेर हाम्रो सम्पूर्ण हृदयले उहाँलाई प्रेम र सेवा गर्न सिक्नेछौं ।

## १. कार्य योजनाको प्रतिवदेन

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पूरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

## व्याख्यात्मक टिपोट

दाऊद र सोलोमन पछिका धेरै जसो राजाहरु असल अगुवाहरु थिएनन् । तिनीहरुले आफ्नो जिम्मेवारी नै बिर्सिए । तिनीहरुको बारेमा १ र २ राजा र १ र २ ईतिहासमा पाईन्छ । उनीहरु विश्वासयोग्य नभएको कारण प्रतिज्ञाको देशबाट टाढा बेबिलोनको प्रवासमा पठाईएका थिए । दासत्वमा रहेतापनि परमेश्वरले भने उनीहरुलाई त्याग्नुभएन । परमेश्वरले तल उल्लेखित कुराहरुको सम्झना गराउन तिनीहरुको माझमा अगमवक्ताहरु पठाउनुभयो ।

१) परमेश्वरको महान् विश्वासनीयता सम्झाउन

२) उनीहरुको जिम्मेवारी, (आज्ञापालन र सारा संसारको लागि आशिषको मुहान) सम्झाउन

३) आउनेवाला प्रतिज्ञा गरिएको मसिह जसले तिनीहरुलाई परमेश्वरलाई प्रेम र सेवा गर्न सिकाउनेछन् ।

अगमवक्ताहरुले ईतिहासको तीन फरक कालखण्डहरुको बारेमा बोलेका छन् :

१) उनीहरुको आफ्नै समयमा

२) येशूको संसारमा पहिलो भ्रमणको बारेमा, जब परमेश्वरका मानिसहरुको हृदय उहाँलाई प्रेम र सेवा गर्न परिवर्तन हुनेछ ।

३) ख्रीष्टियन भएर हाम्रो जिम्मेवारी र भविष्यको प्रतिज्ञाको बारेमा

कहिलेकाँही अगमवक्ताहरुले यी तीन वटै ऐतिहासिक काल खण्डको बारेमा बाइबलको एउटै खण्डमा लेखिदिएका छन् त्यसैले अगमवक्ताको पुस्तकहरु पढ्नु चुनौतीपूर्ण छ तापनि हाम्रो विश्वासलाई यी पुस्तकहरुको सन्देशले बढवा दिन्छन् ।

## २. परिचयात्मक प्रश्नहरु ।

तपाईको बाल्यवस्थामा आफुले गर्नुभएको प्रतिज्ञाको बारेमा बिचार गर्नुहोस् जुन पूरा गर्न बिर्सनुभयो । के भयो जब प्रतिज्ञा गरिएको काम वा कुरा बिर्सियो ?

## ३. खण्ड पढ्नुहोस् र बुझ्नुहोस्

(क) यशैया ५२:९–१२, बेबिलोनमा निर्बासनमा जिएका इस्राएलीहरुलाई लेखिएको खण्ड हो ।

- परमेश्वरले के प्रतिज्ञा गर्नुभयो ?
- बेबिलोनको छुट्काराले उनीहरुलाई के कुराको सम्झना गराउँछ ? पद १२, प्रस्थान १४:१९

(ख) यशैया ५२:१३–५३:१२, यो खण्डले परमेश्वरको सेवक येशूको बारेमा बताउँछ ।

- येशूलाई के भयो ?
- यो खण्डले के को बारेमा बयान गर्छ ? पद ३–६
- येशूले हामीलाई प्रेम गर्नुहुन्छ भनि कसरी देखाउँछ ?
- येशू वलि हुनुभएकोले के भयो ? १पत्रुस २:२४–२५

(ग) यशैया ५५:६–१३, यो खण्डले कसरी परमेश्वरको प्रेम पाउने र बाँड्ने भन्ने बारे बताउँछ ।

- पद ६ र ७ अनुसार परमेश्वरको सुसमाचार के हो ?
- उहाँको बचनको बारेमा परमेश्वरले के प्रतिज्ञा गर्नभयो ? १० –१३

- परमेश्वरको प्रेम र क्षमालाई स्वीकार गर्ने मानिसहरुको जीवनमा आउने परिवर्तलाई कवितात्मक भाषामा यशैयाले कसरी व्याख्या गरेका छन् ? पद १३
- रोमी १०:१७ अनुसार यो शुभ खबर कसको बारेमा भनिएको हो ?

**सारांश**

पुरानो नियमका अगमवक्ताहरुले यी निम्न कुराहरुलाई देखाए :

१) इस्राएलीहरु अविश्वासी भए पनि परमेश्वर विश्वासीलो हुनुभयो ।

२) येशूको संसार भ्रमणको बारेमा जो परमेश्वरको थुमा हुनुहुन्छ । उहाँको दुःख भोग र मृत्युबाट परमेश्वरका मानिसहरुले क्षमा पाएका छन् । परमेश्वरलाई प्रेम र सेवा गर्न सकून् भनेर उनीहरुलाई नयाँ हृदय दिईएको छ ।

३) यो सु समाचार स्वीकार गर्न र अरुहरुसँग बाँड्न हामी बोलाईएका छौँ ।

## ४. चेलापनको कार्ययोजना

यो पाठमा दिईएको बाइबलका खण्डहरु पुनः पढ्नुहोस् । कहिले कहिले पढ्नुहुन्छ लेख्नुहोस् ।

## ५. प्रार्थना

स्वर्गीय पिता मेरा पाप मेटाउन तपाईको पुत्र येशू पठाउनुभएको लागि धन्यवाद । तपाईको बचन सुनेर तपाईलाई आदर र प्रेम गर्न मलाई सिकाउनुहोस् ।

## ६. यो हप्ताभरिमा मनन र कण्ठ पार्नुपर्ने बचनको खण्ड

यशैया ५३:६ "हामी सबै भेडाझैँ बरालिएका छौँ । हामी हरेक आफ्नै बाटोतिर लागेका छौँ, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिनुदिनुभएको छ" ।

# येशू एक मात्र राजा



**बाइबलको मुख्य खण्डहरु**

लुका १, मत्ती ६:३३

**पाठको केन्द्रित भाग**

मानिसहरुलाई थिचोमिचो र दुष्टताबाट बचाएर एक आशिषित जीवन दिन परमेश्वरले प्रतिज्ञा बमोजिम मसिह येशू राजालाई पठाउनुभयो । संसारको स्पष्टै देखिने कमजोरीमा, पनि येशूले शक्ति र धार्मिकताले भरिएको उहाँको राज्यको थालनी गर्नुभयो ।

**खीष्टिय अनुशासन**

सुसमाचारको पुस्तकहरुबाट हामी पाप र दुष्टताबाट छुटाउने येशूको शक्तिको चर्चा गर्न, उहाँको महान् प्रेम स्वीकार गर्न र उहाँको धार्मिकताको अभ्यास गर्न सिक्नेछौं ।

**१. कार्य योजनाको प्रतिवदेन**

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पूरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

**२. परिचयात्मक प्रश्न**

तपाईको समाजमा राजनैतिक पहुँच र सामाजिक अधिकार भएका मानिसहरुको सूची बनाउनुहोस् ।

- उनीहरुले कस्तो सेवा सुविधा पाएका छन् ?

**३. खण्ड पढ्नुहोस् र बझ्नुहोस् ।**

(क) मत्ती ६:३३

पाठको यो खण्डमा हामी ख्रीष्टको राज्यको तीनवटा पक्षहरुलाई ध्यानसित अध्ययन गर्नेछौं ।

- कमजोर मानिसहरुद्वारा नै येशूको राज्यको शक्ति प्रकट भएको छ ।

- परमेश्वरको धार्मिकता अङ्गिकार गर्ने ।
- संसारमा दुष्ट कुरा भएतापनि परमेश्वरको राज्यको धार्मिकता अभ्यास गर्ने ।

**कमजोर मानिसहरुद्वारा नै येशूको राज्यको शक्ति प्रकट भएको छ ।**

(क) लुका १:२६–३८

मरियम जो राजनैतिक र सामाजिक तवरले त्यति प्रभावशाली थिईनन् ।

- ➢ दाऊद राजा अभिषेक हुनुअघि र मरियमबीच के भिन्नता र समानता छ ?

लुका १:४६–५५

- ➢ मरियमको गीत अनुसार कमजोर मानिसहरु को हुन् जस्लाई परमेश्वरले छुट्कारा दिएर आशिष् दिनुहुन्छ ?

(ख) लुका २:८–२०

- ➢ प्रतिज्ञा गरिएको मसिह राजा पृथ्वीमा आएपछि सर्वप्रथम उहाँको प्रशंसा गुनगान गाऊने मानिसहरु को थिए ?

**परमेश्वरको धार्मिकता अङ्गिकार गर्ने ।**

**व्याख्यात्मक टिपोट**

बाइबलमा धार्मिकता भन्नाले के ठीक र के बेठीक हो भन्ने बुझिन्छ । परमेश्वरले गर्नुभएको काम सही र असल भएको हुनाले उहाँ धर्मी हुनुहुन्छ । जे उहाँको नजरमा सही छ सोही अनुसार जिउन र उहाँको धार्मिकतामा सहभागी हुन हामीलाई परमेश्वरले आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो । आदम र हव्वाले गरेको पापको कारण परमेश्वरको धार्मितामा खलबल आयो । कुनै रोगको जीवाणु जस्तै यो दुष्ट पाप हाम्रो हृदयभरि फैलिएको छ र जुन कुरा परमेश्वरको विरुद्धमा छ त्यही बिचार अनि कार्यहरु गर्न उक्साउँछ । जब हामी ईमान्दार भएर परमेश्वरमा क्षमा माग्छौं परमेश्वरले उहाँको धार्मिकताले हामीलाई येशूको धार्मिकता र असलपनले ढाक्नुहुन्छ ।

नयाँ पहिरन पहिरिए जस्तै गरी परमेश्वरले हामीलाई येशू ख्रीष्टमा नयाँ बनाउनुहुन्छ । जब हामी येशूमा नयाँ हुन्छौं तब परमेश्वरले हामीलाई पनि येशूलाई जस्तै गरी हेर्नुहुन्छ, असल र सही कुरा हामीमा पनि देख्नुहुनेछ । हाम्रो जीवनका सबै लाज, दोषहरु, र खराबीपनहरुलाई परमेश्वरले येशूको धार्मिकतामा ढाकिदिनुहुनेछ । हामीले येशूलाई विश्वास गरेको कारण परमेश्वरले हामीलाई धर्मी ठहराउनुहुन्छ । येशूको धार्मिकताचाहिँ परमेश्वरको सित्तैको बरदान हो जुन विश्वासद्वारा मात्र हामीले प्राप्त गर्नेछौं ।

**व्याख्यात्मक टिपोट :** लुका १९:१–९

फरिसीहरु येशूको समयमा धार्मिक अगुवाहरु थिए । र कर उठाउने मानिसहरु घुस्याहा भएकोले समाजमा उनीहरु घृणित थिए ।

**लुका १८:९–१४**

- फरिसीको समस्या के थियो ? उसलाई परमेश्वरको धार्मिकता स्वीकार गर्नदेखि के कुराले बन्चित गऱ्यो ?
- परमेश्वरको धार्मिकता जुन उ आफैंले कमाउन सक्दैनथ्यो भने एक कर उठाउने व्यक्ति कसरी धर्मी ठहऱ्याईयो ?

**एफिसी २:८–९**

- कर उठाउने व्यक्तिलाई जे भएको थियो सोही वा त्यस्तै कुरा प्रेरित पावलले कसरी व्याख्या गरे ?
- किन मानिसहरुलाई आज पनि परमेश्वरको धार्मिकता हाँसिल गर्न अप्ठ्यारो छ ?
- यो खण्डले त्यति बेलाका धर्मगुरुहरुले येशूको अधिकार नमानेको घटनालाई बुझ्न कसरी सहायता पुऱ्याउँछ ?

**संसारमा दुष्ट कुरा भएतापनि परमेश्वरको राज्यको धार्मिकता अभ्यास् गर्ने ।**

**व्याख्यात्मक टिपोट**

येशूको धार्मिकतासँगै हामी परमेश्वरको आत्मा पनि प्राप्त गर्छौं जसद्वारा हामी हरेक दिन सही र असल जीवन जिउन सक्नेछौं ।

लुका १०:२९–३७

- परमेश्वरको धार्मिकता अभ्यास गर्नु भन्ने कुरा बुझाउनलाई पद ३७ मा प्रयोग गरिएको शब्द के हो ? र यसले कसरी परमेश्वरको धार्मिकतालाई बुझ्न सहायता गर्छ ?

**४. चेलापनको कार्ययोजना**

हरेक दिन सोमबार देखि शनिबारसम्म लुकाको पुस्तक एक एक अध्याय पढ्नुहोस् ।

पहिलो हप्ता १ –६

दोस्रो हप्ता १३ –१८

तेस्रो हप्ता १३ –१८

चौथो हप्ता १९–२४

हरेक अध्ययनको एउटा छोटो टिपोट तयार गर्नुहोस् । र तल दिईएका प्रश्नहरुको जवाफ दिनुहोस् ।

- येशू द्वारा परमेश्वरले उहाँको शक्ति र प्रेम कसरी प्रकट गर्नुभयो ?
- येशूको धार्मिकता प्राप्त गर्न यो अध्यायले कसरी सिकाउँछ ?
- उहाँको धार्मिकता अभ्यास गर्न यो खण्डले के सिकाउँछ ?

आउने हप्ता केही जवाफहरु ठूलो झुण्डमा बाँडचुड गर्न तयारी हुनुहोस् ।

## ५. प्रार्थना

तपाईको प्रेम र शक्ति देखाउन येशू पठाउनुभएको लागि स्वर्गीय पिता तपाईलाई धन्यवाद । मलाई क्षमा गरि येशूको धार्मिकता पहिच्याईदिनुभएको लागि तपाईलाई धन्यवाद । मेरो कमजोरी भएतापनि तपाईको कृपा देखाउनुहोस् र हरेक दिन मैले भेट्ने मानिसहरुलाई प्रेम गर्न सिकाउनुहोस् ।

## ६. यो हप्ताभरि मनन र कण्ठ पार्ने बचनको खण्ड

“तर पहिले उहाँको राज्य र उहाँको धार्मिकताको खोजी गर र यी सबै थोक तिमीहरुका निम्ति थपिनेछन्” मत्ति ६:३३

# येशू एक मात्र असल गोठालो



**बाइबलको मुख्य खण्ड**

यूहन्ना १०:११–१८

**पाठको केन्द्रित भाग**

हामीलाई वास्ता गर्ने, मुल्यवान ठान्ने येशू हाम्रो एक मात्र गोठाला हुनुहुन्छ । उहाँबाट बाहिरिएर हामी एक सुरक्षित, र फलदायी जीवन पाउन सक्दैनौँ ।

**खीष्टिय अनुशासन**

हामीलाई येशूको खाँचो छ र उहाँलाई सम्पूर्ण हृदयले पछ्याउनुपर्छ भन्ने कुरा हामी यो पाठमा सिक्नेछौँ ।

**१. कार्य योजनाको प्रतिवदेन**

तपाईले तयार पार्नुभएको लुका १–६ अध्याय सम्मको टिपोट ठूलो झुण्डमा पालैपालो बाँडचुड गर्नुहोस् । छलफल गर्नुहोस् की यी अध्यायहरुमा येशूले उहाँको शक्ति र प्रेम कसरी देखाउनुभयो र यी अध्यायहरुले येशूको धार्मिकता अभ्यास गर्न के शिक्षा दिँदछन् ?

**२. खण्ड पढ्नुहोस् र बझ्नुहोस्**

(क) एक सुरक्षित र फलदायी जीवन जीउन येशूमा सम्बन्धित हुनु अति नै आवश्यक भन्ने कुरा सिकाउन यूहन्नाको पुस्तकमा येशूले उहाँलाई विभिन्न चीजहरु सँग तुलना गर्नुभयो ।

- यूहन्ना ६:३५–४८, म जीवनको रोटी हुँ ।

*धेरै दिनसम्म यदि तपाई सँग केही पनि खाने कुरा छैनन् भने तपाईलाई के हुन्छ ?*

- यूहन्ना ८:१२, ९:५, म जीवनको ज्योति हुँ ।

*यदि आज बिहान सूर्य नउदाएको भए के हुन्थ्यो होला ?*

- यूहन्ना ११:२५, म पुनरुत्थान र जीवन हुँ

*जब तपाईको मृत्यु हुन्छ के तपाई आफ्नै शक्तिद्वारा पुनरुत्थान हुन सक्नुहुन्छ ?*

- यूहन्ना १५:१–४, म दाखको बोट हुँ र तिमीहरु हाँगाहरु हौ ।

*जब हाँगाहरु काटिन्छ के हाँगाहरु आफैँ हुर्कन सक्छन् ? यो रुखको चित्रले येशूले हाम्रो लागि चाहनुभएको जीवनको बारेमा के कुरा बताउँछ ?*

- कलस्सी १:१०–१२

*येशूमा एक फलदायी जीवन जिउने बारेमा पावलले कसरी व्याख्या गर्छन् ?*

(ख) यूहन्ना १०:११–१८

यो खण्डमा येशूले उहाँ आफैँलाई के भनी बोलाउनुहुन्छ ?

येशूले हामीलाई धेरै माया र मुल्यवान ठान्नुहुन्छ भनी हामी कसरी जान्न सक्छौँ ?

एक असल गोठाला ले आफ्नो भेडाहरुसँग कस्तो प्रकारको सम्बन्ध चाहन्छ ? पद १४

भेडाहरु भाडामा लिएकाहरुसँग भन्दा एक असल गोठालासँग सम्बन्धित हुन चाहन्छन् तपाईको बिचारमा किन यस्तो हुन्छ ?

**यूहन्ना १०:२७–२९**

*भेडाहरु एक असल गोठालासँग खुशी छन् भनी कसरी देखाउँछन् ? र एक असल गोठालाले उसका भेडाहरुलाई के कुराको प्रतिज्ञा गर्छ ?*

**यूहन्ना १०: १६**

*एक असल गोठालाको भविष्यको योजना के के हुन्छन् ?*

### ३. चेलापनको कार्ययोजना

लुका ७ – १२ अध्याय निरन्तर पढ्नुहोला ।

तल दिईएका प्रश्नहरु अनुसार निरन्तर टिपोट पनि तयार पार्नुहोस् ।

- येशूद्वारा परमेश्वरले उहाँको शक्ति र प्रेम कसरी प्रकट गर्नुभयो ?
- येशूको धार्मिकता प्राप्त गर्न यो अध्यायले के सिकाउँछ ?
- उहाँको धार्मिकता अभ्यास गर्न यो खण्डले के सिकाउँछ ?

आउने हप्ता केही जवाफहरु ठूलो झुण्डमा बाँडचुड गर्न तयारी हुनुहोस् ।

## ४. प्रार्थना

स्वर्गीय पिता म सुरक्षित र फलदायी जीवन जीओस भनी तपाईले येशूलाई संसारमा पठाउनुभएको लागि तपाईलाई धन्यवाद । तपाईको बचन र पवित्र आत्माद्बारा मलाई मेरो असल गोठालो येशूलाई सुन्न र उहाँलाई पछ्याउन सिकाउनुहोस् । आमेन ।

## ५. यो हप्ताभरि मनन र कण्ठपार्ने बचनको खण्ड

"म असल गोठालो हुँ । असल गोठालाले आफ्ना भेडाहरुका निम्ति आफ्नो प्राण अर्पण गर्छ । मेरा भेडाहरुले मेरो सोर सुन्छन् र तिनीहरुलाई म चिन्छु, र तिनीहरु मेरो पछि आउँछन् । म तिनीहरुलाई अनन्त जीवन दिन्छु" ।

# क्रूस



**बाइबलको मुख्य खण्डहरु**

लुका २३:३३–४६, यूहन्ना १९:३०

**पाठको केन्द्रित भाग**

येशू प्रतिज्ञाबमोजिम निस्तारको थुमा हुनुहुन्थ्यो । हाम्रो पापको खातिर येशू क्रूसमा मर्नुभयो । उहाँ वलि हुनुभएको हुनाले हामी पापको थिचोमिचो र दोषारोपणबाट स्वतन्त्र भएका छौँ ।

**खीष्टिय अनुशासन**

यो पाठमा हामी निम्नकुराहरु सिक्नेछौं ।

हामी सम्पूर्ण हृदयले परमेश्वरको प्रतिज्ञाहरुलाई विश्वास गर्न ।

हामीलाई पाप गर्न लगाउने, दोषाउने दुष्ट शक्ति र बिचारहरुको सामना गर्न ।

परमेश्वरले दिनुभएको क्षमा र खुशी अरुहरुसँग बाँडचुड गर्न ।

**१. कार्ययोजनाको प्रतिवेदन**

तपाईले तयार पार्नुभएको लुका ७–१२ अध्याय सम्मको टिपोट ठूलो झुण्डमा पालैपालो बाँडचुड गर्नुहोस् । छलफल गर्नुहोस् की यी अध्यायहरुमा येशूले उहाँको शक्ति र प्रेम कसरी देखाउनुभयो र यी अध्यायहरुले येशूको धार्मिकता अभ्यास गर्न के शिक्षा दिँदछन् ?

**२. परिचयात्मक प्रश्नहरु**

बिगतमा तपाईले गर्नुभएको गल्ती जुन अहिले पछितो गर्नुभएको छ, यस बारेमा बिचार गर्नुहोस् । यो तपाईको बोलीबचन वा क्रियाकलाप पनि हुनसक्छ । वा तपाईले गर्नैपर्ने कार्य तर गनुभएन । यस्ता खालका बिगतहरुले हामीलाई दुखी र कहिलेकाहीँ लाजमर्दो पनि बनाउन सक्छ ।

## ३. खण्ड पढ्नुहोस् र बुभ्नुहोस् ।

(क) लुका २३:३३–४७

- उहाँ क्रूसमा हुँदा पनि उहाँले भेट्नुभएका मानिसहरुप्रति उहाँको प्रेम र क्षमा ती मानिसहरुको पाप र दोष भन्दापनि अझ बढि वलियो थियो भनि येशूले कसरी देखाउनुभयो ?
- दु:ख र अन्यायको भयानक अन्तिम दिनमा को व्यक्ति असाध्यै खुशी थियो ?

(ख) यूहन्ना १९:३०, १ पत्रुस २:२४–२५

- १ पत्रुसको खण्डले येशूको बचन "अब सिद्धियो" लाई बुभ्न कसरी सहायता गर्छ ?
- येशूले दु:ख भोग र मृत्यूलाई जित्नुभएको कारण हाम्रो पापको लाज र दोषबाट चंगाई पाउँदछौँ ।

(ग) यूहन्ना ३:१६, एफिसी २:८–९

- यी खण्डअनुसार को व्यक्ति उनीहरुको पाप, र दोषबाट स्वतन्त्र हुनसक्छन् ?

रोमी ८:१, परमेश्वरले हामीलाई के प्रतिज्ञा गर्नुभएको छ ?

हिब्रू ४:१४–१६, हामीले आफुलाई कमजोर र परमेश्वरको प्रेम र क्षमा पाउन असक्षम महसुस गरेको अवस्थामा पनि हामी कसरी परमेश्वरको सामू आउनुपर्छ ?

रामी ८:३८–२९, ख्रीष्टियनहरुलाई दोष लगाउँदा पनि के कुरा उनीहरु विश्वस्त भई भन्न सक्छन् ?

## ४. मनन गर्नुहोस्

ईतिहास भरिनै ख्रीष्टियनहरुले यस्तो सोचाई राखेका छन कि उनीहरुको पापको मुल्य चुकाउन र अनन्त जीवन पाउन परमेश्वरलाई मनपर्ने कार्यहरु गरेर उहाँलाई खुशी पार्नुपर्छ ।

- एफिसी २:८–१० मा पावलले भनेअनुसार यस्तो बिचार किन गलत छ ?

यद्यपी घटना पुरानो भएर गएपनि कहिलेकाहीँ हाम्रो बिगतहरुलाई हामी सम्भना गरि बस्छौँ जसले हामीमा लाज, बेखुशका कुरा साथै नकारात्मक बोभ पनि पैदा गर्दछ ।

- रामी ८:१ पदमा यस्तो नकरात्मक बोभबाट उन्मुक्त हुन परमेश्वरले के प्रतिज्ञा गर्नुभएको छ ?

## ५. चेलापनको कार्ययोजना

लुका १३–१८, निरन्तर पढ्नुहोस्

तल दिईएका प्रश्नहरु अनुसार निरन्तर टिपोट पनि लेख्नुहोस्

- येशूद्वारा परमेश्वरले उहाँको शक्ति र प्रेम कसरी प्रकट गर्नुभयो ?
- येशूको धार्मिकता प्राप्त गर्न यो अध्यायले के सिकाउँछ ?
- उहाँको धार्मिकता अभ्यास गर्न यो खण्डले के सिकाउँछ ?

आउने हप्ता केही जवाफहरु ठूलो झुण्डमा बाँडचुड गर्न तयारी हुनुहोस् ।

## ६. प्रार्थना

स्वर्गीय पिता मेरो पापको लाजबाट र दोषहरुबाट स्वतन्त्र गराउन येशू ख्रीष्ट पठाउनुभएको लागि तपाईलाई धन्यवाद । मलाई तपाईको प्रेम र क्षमाको निश्चयता दिनुहोस् ताकी म हरेक दिन तपाईलाई आनन्दले भरिएको सेवा दिन सकौँ ।

## ८. यो हप्ताभरि मनन र कण्ठपार्ने बचनको खण्ड

“यसकारण अब ख्रीष्ट येशूमा भएकाहरुलाई दण्डको आज्ञा छैन” रोमी ८:१

# पुनरुत्थान र ईष्टर



**बाइबलको मुख्य खण्डहरु**

यूहन्ना २० –२१, कलस्सी ३:५–१७

**पाठको केन्द्रित भाग**

येशूको पुनरुत्थानद्वारा परमेश्वरले दुष्ट र अन्धकारको शक्तिमाथि उहाँको शक्ति देखाउनुहुन्छ ।

**ख्रीष्टिय अनुशासन**

यो पाठमा हामी निम्नकुराहरु सिक्नेछौं ।

विश्वासले हामीले अनन्त जीवनको वरदान पाएका छौं भनि निश्चित् हुन ।

पुरानो जीवन जिउने तरिकालाई छोड्न ।

नयाँ लुगा धारणा गरेझैं नयाँ जीवनको मार्गमा अघि बढ्ने ।

**१. कार्ययोजनाको प्रतिवेदन**

तपाईले तयार पार्नुभएको लुका १३–१८ अध्याय सम्मको टिपोट ठूलो झुण्डमा पालैपालो बाँडचुँड गर्नुहोस् । छलफल गर्नुहोस् की यी अध्यायहरुमा येशूले उहाँको शक्ति र प्रेम कसरी देखाउनुभयो र यी अध्यायहरुले येशूको धार्मिकता अभ्यास गर्न के शिक्षा दिँदछन् ?

**२. खण्ड पढ्नुहोस् र बुझ्नुहोस्**

(क) तपाईको झुण्डमा भएका हरेक सदस्यहरुलाई तल दिईएका बचनका खण्डहरु पढ्न लगाउनुहोस् र प्रश्नहरुको बारेमा पनि बिचार गर्नुहोस् । केही समयपछि ठूलो झुण्डमा जवाफहरु बाँडचुड गर्न लगाउनुहोस् ।

- प्रश्न : यी व्यक्तिहरुको जीवनमा बौरी उठ्नुभएको येशूले कस्तो परिवर्तन ल्याउनुभयो ?

१ मरियम : यूहन्ना २०:१०–१८

२ चेलाहरु : २०:१९–२३

३ थोमस : २०: २४–३१

४ पत्रुस : २१:१५–१७

यी सबै जनाहरुले जब बौरी उठ्नुभएको येशूलाई भेट गरे उनीहरुको जीवनमा परिवर्तनहरु आयो । हामीले येशूलाई शारीरिक रुपमा देख्न सक्दैनौं तापनि यी मानिसहरुको अनुभव र आज हामीले गर्ने अनुभवबीच के समता वा भिन्नता पाउन सक्छौं छलफल गर्नुहोस् ।

(ख) १कोरिन्थी १५:१३–१७

- येशूको पुनरुत्थानमा विश्वास गर्नु किन महत्वपूर्ण छ ?
- येशूको पुनरुत्थानलाई शंका गर्ने चेलाहरुको व्यवहार कस्तो हुन्छ होला ?

(ग) रोमी ६:४–७

- चार पद अनुसार परमेश्वर पिताले किन येशूलाई मृत्युबाट बौरी उठाउनुभयो ? मोशाले परमेश्वरको मानिसहरुलाई दासत्वबाट छुट्कारा दिएर नयाँ जीवनको लागि डोऱ्याउनुभयो । येशूले हामीलाई ठूलो दासत्वबाट छुट्कारा दिनुहुन्छ ।
- त्यो दासत्व के हो र कस्तो प्रकारको स्वतन्त्रता उहाँले हामीलाई दिनुहुन्छ ?

कलसी २:२०, के भयो जब येशू मर्नुभयो ?

कलसी ३:५–९, हरेक दिन ख्रीष्टसँगै मर्नु भन्ने कुरा बुझ्न यो खण्डले कसरी सहायता गर्दछ ?

कलसी ३:१, ख्रीष्ट मृत्युबाट बौरी उठ्नुभएपछि उहाँ कहाँ हुनुहुन्छ ? र हामी के कुरा विश्वास र खोजी गर्न बोलाईएका छौँ ?

३:१०–१७, ख्रीष्टसँगै जिईउठ्नु भन्ने कुरा बुझ्न यो खण्डले कसरी सहायता गर्दछ ?

## ३. चेलापनको कार्ययोजना

निरन्तर लुका १९–२४ पढ्नुहोस् ।

तल दिईएका प्रश्नहरु अनुसार निरन्तर टिपोट पनि लेख्नुहोस्

- येशूद्वारा परमेश्वरले उहाँको शक्ति र प्रेम कसरी प्रकट गर्नुभयो ?
- येशूको धार्मिकता प्राप्त गर्न यो अध्यायले के सिकाउँछ ?
- उहाँको धार्मिकता अभ्यास गर्न यो खण्डले के सिकाउँछ ?

आउने हप्ता केही जवाफहरु ठूलो झुण्डमा बाँडचुड गर्न तयारी हुनुहोस् ।

## ४. प्रार्थना

स्वर्गीय पिता डर र दुष्टताको बन्धनबाट मलाई स्वतन्त्र गर्न येशूलाई मृत्युबाट उठाउनुभएको लागि तपाईलाई धन्यवाद । ख्रीष्टसँगै म मृत्युमा सहभागी भएको छु र उहाँसँगै जिवित भई उठेको छु भन्ने कुरा बुझ्न मलाई सहायता गर्नुहोस् । नयाँ जीवन धारण गर्न सहायता गर्नुहोस् ताकी जसरी तपाईले मलाई प्रेम गर्नुभयो त्यसरी नै म पनि अरुहरुलाई प्रेम गर्न सकूँ ।

## ५. यो हप्ताभरि मनन र कण्ठपार्ने बचनको खण्ड

"परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्यका हुनुहुन्छ । उहाँको महान् कृपाले मृतकबाट येशू ख्रीष्टको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं" *१ पत्रुश १:३*

# पेन्तिकोस



### बाइबलको मुख्य खण्डहरु

प्रेरित २:१–३६, गलाती ५:१६–२६

### पाठको केन्द्रित भाग

परमेश्वरले आफ्नो प्रतिज्ञा बमोजिम पवित्र आत्मा उहाँको मानिसहरुमा बास गरुन् र तिनीहरु सारा संसारको मुक्ति र आशिषको सेवामा जाऊन् भनी पवित्र आत्मा पठाउनुभयो ।

### ख्रीष्टिय अनुशासन

यस पाठमा हामी पवित्र आत्मामा नयाँ जीवन जिउन र अरुहरुको जीवनमा परमेश्वरको आशिष् पुऱ्याउन सिक्नेछौं ।

### १. कार्ययोजनाको प्रतिवेदन

तपाईले तयार पार्नुभएको लुका १९–२४ अध्याय सम्मको टिपोट ठूलो झुण्डमा पालैपालो बाँडचुँड गर्नुहोस् । छलफल गर्नुहोस् की यी अध्यायहरुमा येशूले उहाँको शक्ति र प्रेम कसरी देखाउनुभयो र यी अध्यायहरुले येशूको धार्मिकता अभ्यास गर्न के शिक्षा दिन्छन् ?

### २. परिचयात्मक प्रश्नहरु

तपाई र तपाईको परिवार भन्दा फरक मूल्य मान्यता भएका मानिसहरुको सूची बनाउनुहोस् । उहाहरणको लागि फरक भाषा बोल्ने, फरक जात र नागरिक र धर्म ।

### ३. खण्ड पढ्नुहोस् र बुझ्नुहोस्

### व्याख्यात्मक टिपोट

येशूको पुनरुत्थान र स्वर्गारोहण पछि उहाँको चेलाहरु र अन्य अनुयायीहरुले पवित्र आत्माको प्रतिक्षा गरेका थिए । प्रेरित १:४ मा यो कुरा स्पष्ट लेखिएको छ । पेन्तिकोसको दिन संसारभरी

छरिएर रहेका यहुदीहरु यरुशलेममा भेला भएका थिए जहाँ रोमीहरुले राज्य गरेका थिए । तसर्थ जसरी दाऊदले पलिश्तिहरुको हातबाट इस्राएलीहरुलाई बचाए । त्यसैगरी रोमीहरुको हातबाट परमेश्वरले उनीहरुलाई बचाउनुहून्छ भनि यहुदीहरुले आशा राखेका थिए ।

(क) प्रेरित २:१–१३

- त्यो दिन भएका तीनवटा असाधारण कुराहरु के के हुन् ?
- यी असाधारण चिन्हहरुले पबित्र आत्माको बरदानको बारेमा के सिकाउँछन् ?

इजिकिएल ३७:९, १४, नयाँ जीवन जिउने विश्वास

मत्ती ३:११–१२ पाप र दुष्टताबाट शुद्ध हुनु

- भजन ५१: १०–११ सम्म दाऊदले गरेको प्रार्थना पेन्तिकोसको दिन कसरी पुरा हुन आयो ?

प्रेरित २:११ सबै जातीहरुको लागि ख्रीष्टको कार्यलक्ष्यमा सुसज्जित हुनु ।

गन्ती ११:२९, ईजिकिएल ३६:२६–२७, प्रेरित १:४–५

- यो हुनुपुर्व कसले यसको बारेमा बोलेका थिए ?

(ख) प्रेरित २:१४–३६ पत्रुसको प्रवचन

पत्रुसले उनको प्रवचनको सुरुवातमा पुरानो नियमबाट उदृत गरेका छन् । पद १४ –२१

- किन पत्रुसले त्यसो गरे ?
- दाऊद राजाको बारेमा पत्रुसले के भने ?
- पत्रुसले दाऊदलाई कोसँग तुलना गरे ? २५–३४

(ग) प्रेरित २:३७–४१, पत्रुसको प्रवचनको प्रतिक्रिया

- किन पत्रुसलाई सुन्दै गर्दा मानिसहरु दुःखी भए ?
- पत्रुसले तिनीहरुलाई के गर्न आव्हान गरे ?

(घ) प्रेरित २:४२

- पेन्तिकोसको अघि मानिसहरु के के गर्दै थिए ?
- मत्ती २८:१९–२० मा येशूले चेलाहरुलाई दिनुभएको आज्ञा पेन्तिकोसमा पुरा हुन आएको हो ? समुहमा छलफल गर्नुहोस् ।

गलाती ५:२२, यूहन्ना १५:१५–१६मा येशूले प्रतिज्ञा गरेझैं पवित्र आत्माले पहिलो शताब्दीका ख्रीष्टियनहरुलाई कसरी फलदायी बनाउनुहुन्छ ?

## ४. मनन गर्नुहोस्

पेन्तिकोसमा भएका तीनवटा अचम्मका चिन्हहरुको बारेमा बिचार गर्नुहोस् ।

गलाती ५:२२–२३

- पवित्र आत्माले दिनुहुने नयाँ जीवनको चिन्हहरु के के हुन् ?

५:१९, २१, २६

- पवित्र आत्माले हामीलाई केबाट शुद्ध पार्नुहुन्छ ?

५:१४,६:१०

- पवित्र आत्माले हामीलाई कुन कार्यलक्ष्यमा पठाउनुभएको छ ?
- मत्ती २८: १९–२० पालन गरेर हामी हामी कसरी हाम्रो छिमेकीहरुलाई प्रेम देखाउन सक्छौं ?

## ५. चेलापनको कार्ययोजना

तपाईले राम्रोसँग चिन्नु नभएको मानिसको लागि तपाई कसरी आशिषको कारण बन्न सक्नुहुन्छ ? कुनै एउटा कार्य लेख्नुहोस् ।

बिचार गर्नुहोस् कि तपाईको कार्ययोजना र परमेश्वरले अब्राहमलाई दिनुभएको कार्य योजनामा (उत्पत्ति १२:१) के फरक वा समानता पाउनुहुन्छ ?

## ६. प्रार्थना

स्वर्गीय पिता मलाई येशूमा नयाँ जीवन दिन पवित्र आत्मा पठाउनुभएको लागि तपाईलाई धन्यवाद । मलाई तपाईको आत्माले भर्नुहोस् र संसारभरिनै तपाईको मुक्ति र आशिष पुऱ्याउने बलियो माध्यम बनाउनुहोस् ।

## ७. यो हप्ताभरि मनन र कण्ठपार्ने बाइबलको खण्ड

“तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाई, विश्वस्तता, २३ पद, नम्रता, संयम हुन् । यस्ता कुराहरुका विरुद्धमा कुनै व्यवस्था छैन” *गलाती ५:२२–२३*

# मण्डली



**बाइबलको मुख्य खण्डहरु**

प्रेरित २:४२, एफिसी ४:११–१६

**पाठको केन्द्रित भाग**

उहाँको आत्माद्वारा येशूले उहाँको मानिसहरुलाई एकाक्रित गरी मण्डली समुदायहरुमा भेला गराउनुहुनेछ ।

**खीष्टिय अनुशासन**

यस पाठमा हामी येशूको असल विश्वासीलो चेलाहरु भएर मण्डलीमा कसरी जिउने भन्ने बारेमा सिक्नेछौं ।

**१. कार्य योजनाको प्रतिवदेन**

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पुरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

**२. परिचयात्मक प्रश्नहरु**

तपाईको मण्डलीमा भएका फरक फरक जिम्मेवारीहरु कसरी निर्वाह हुँदै आएका छन् ?

**व्याख्यात्मक टिपोट**

येशूले उहाँको मानिसहरुलाई मण्डलीहरुमा एकत्रित भएर आउन बोलाउनुहुन्छ । संसारभरि नै बिभिन्न प्रकारका ख्रीष्टको मण्डलीहरु अस्तित्वमा छन् । यो पाठले मण्डलीको जीवनका महत्वपूर्ण तत्वहरु प्रस्तुत गर्नुका साथै हामीलाई मण्डलीमा विश्वासीलो सदस्य हुन प्रोत्साहन गर्दछ ।

**३. खण्ड पढ्नुहोस् र बुझ्नुहोस् ।**

(क) प्रेरित २:४२

- पहिलो शताब्दीका ख्रीष्टियानहरुले सँगै-सँगै अभ्यास गरेका चार वटा कुराहरु के-के हुन् ?
- के उनीहरुले गरेझैँ तपाईको मण्डलीमा यी चार कुराहरु तपाईले गर्नुभएको छ ?

(ख) १ पत्रुस ४:८–११

- मण्डली समुदायको जीवनमा योगदान पुऱ्याउन भनेर ख्रीष्टियनहरुलाई के दिईएको छ ? पद १०
- हाम्रो वरदानहरुको उचित प्रयोग बारे पद ११ मा भएका दुईवटा क्रियापदहरुले राम्रो शिक्षा दिएका छन् ती क्रियापदहरु के के हुन् ?

१ कोरिन्थी १२:१२–२१

- हामी भन्दा फरक व्यक्तित्व भएका मण्डलीका सदस्यहरुप्रति हामीमा भएका खराव आचरणहरु के के हुन् ?
- मानव शरीरको बिभिन्न अङ्गहरुको बारेमा बिचार गर्नुहोस् । के हुन्छ जब कुनै एउटा अङ्ग बिरामी हुन्छ, वा काम गर्दैन ? केही उदाहरणहरु दिनुहोस् ।

(ग) तीतस १:५–९

- कस्तो प्रकारका मानिसहरुले मण्डलीको नेतृत्व गर्नुपर्दछ ?
- तीतस १:९ पद अनुसार मण्डलीको एक अगुवाको सबैभन्दा महत्वपूर्ण काम के हो ?
- धर्मशास्त्रको असल शिक्षा दिन सक्ने अगुवाहरु निर्माण गर्न तपाईको मण्डली वा सम्प्रदायले के कस्ता कार्यहरु गर्छन् ?

एफिसी ४:११–१२, मण्डलीको एक अगुवाको जिम्मेवारी के हो ?

एफिसी ४:१४–१६, उहाँको मण्डलीको लागि येशूले के चाहनुहुन्छ ?

(घ) प्रेरित ६:१–७

- यरुशलेमको मण्डलीले सामना गर्नुपरेको समस्या के थियो ?
- कसरी उक्त समस्याको समाधान भयो ?
- तपाईको मण्डलीले सामना गरेका समस्याहरु के के हुन् ?

(ङ) प्रेरित ११:१९–२१, प्रेरित १३:१–३

- एन्टिओखको मण्डलीमा भएको कुराहरु परमेश्वरले अब्राहमसँग गर्नुभएको प्रतिज्ञा पूरा भएको हो ?
- पृथ्वीमा भएका सबै जातिहरुको लागि ख्रीष्टको कार्यलक्ष्यमा तपाईको मण्डली कसरी सहभागी भएको छ ?

## ५. चेलापनको कार्ययोजना

तपाईको मण्डलीद्वारा ख्रीष्टको प्रेम देखाउन तपाईले गर्नुहुने कुनै एउटा काम लेख्नुहोस् ।

## ६. प्रार्थना

स्वर्गीय पिता तपाईको मण्डली परिवारमा मलाई स्वागत् गर्नुभएको लागि तपाईलाई धन्यवाद । हाम्रो मण्डलीका अगुवाहरुलाई आशिष दिनुहोस् ताकी उनीहरुले विश्वासिलो भएर असल शिक्षा दिन सकुन् । हाम्रो मण्डली निर्माण गर्न र तपाईको प्रेम अरुहरुलाई बाँड्न ममा भएका वरदानहरुलाई कसरी प्रयोग गर्ने भन्नेबारेमा मलाई सिकाउनुहोस् ।

## ७. यो हप्ताभरि मनन र कण्ठपार्ने बचनको खण्ठ

“जसले जस्तो वरदान पाएको छ, परमेश्वरका अनुग्रहका बिभिन्न वरदान पाएका भण्डारे झैं ती एउटा अर्काको निम्ति प्रयोग गर” १ पत्रुस ४:१०

# बोली र काम



**बाइबलको मुख्य खण्डहरु**

मत्ती २८:१८–१९, मत्ती ६:३३–३४

**पाठको केन्द्रित भाग**

काम र बोलीबचनद्वारा परमेश्वरको आशिष अरुहरुलाई पुऱ्याउने सेवामा उहाँले आफ्ना मानिसहरुलाई एक राजदुत झैँ संसारभरि पठाउनुहुन्छ ।

**खीष्टिय अनुशासन**

यो पाठमा हाम्रो बोलीबचन र कामहरुद्वारा अरुहरुको लागि एक आशिषको माध्यम भई संसारभरि नै फैलिएको ख्रीष्टको महान कार्यलक्ष्यमा सहभागी हुन सिक्नेछौँ ।

**१. कार्य योजनाको प्रतिवदेन**

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पूरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

**२. परिचयात्मक प्रश्नहरु**

कहिल्यै सुसमाचार प्रचार नगरिएको ठाउँमा एक मिसिनरीले सुसमाचार पुऱ्याएको एक कथा बाँडचुँड गर्नुहोस् ।

**व्याख्यात्मक टिपोट**

पेन्तिकोसको घटना पछि सु समाचार सारा रोमी साम्राज्य भरि नै फैलियो । यो कुरा प्रेरितको पुस्तकमा लेखिएको छ । यस पुस्तकको अन्तिम अध्यायले अझ स्पष्ट गरी पावलको स्पेन र रोममा सु समाचार अभियानको बारेमा बताएको छ । प्रेरित २८ अध्याय पढ्नुहोस् ।

### ३. खण्ड पढ्नुहोस् र बझ्नुहोस्

(क) मत्ती २८:१८–१९

- ➤ येशूले चेलाहरुलाई के गर्न बोलाउनुभयो ? वा के काम दिनुभयो ? र उनीहरुसँग उहाँले के प्रतिज्ञा गर्नुभयो ?

(ख) प्रेरित २६:१५–१८

- ➤ पावल आफैं सारा संसारमा सुसमाचार प्रचार गर्न बोलाईएको थियो भनी उनले कहिले थाहा पाए ?

प्रेरित १३:१–३

- ➤ पावल र बरनाबास बाहेक अरु कसलाई प्रभुका आत्माले सेवक हुन बोलाउनुभयो ?

१३:४७

- ➤ पावल र बरनाबासलाई परमेश्वरले के का लागि बोलाउनुभयो ?

४८–५२

- ➤ उनीहरुको पहिलो कार्यलक्ष्यरी यात्रामा के भयो ?

१४:२१–२३

- ➤ लुस्त्रा, एन्टिओखिया, र आइकोनियनमा पावल र बरनाबासले के गरे ?

१४:२६–२७

- ➤ पावल र बरनाबास फर्किएर आएपछि एन्टिओखियामा के गरे र यो किन महत्वपूर्ण थियो ?
- ➤ प्रभुमा विश्वास नराखेका तपाईको छिमेकीहरुप्रति तपाईको मण्डली कसरी एक आशिषको माध्यम बनेको छ ?
- ➤ देश भन्दा बाहिर रहेका विश्वासी वा अविश्वासी साथीहरुको लागि कसरी तपाईको मण्डली आशिषको माध्यम बनेको छ ?

**व्याख्यात्मक टिपोट**

पावलले शूरु गरेका मण्डलीहरुलाई पत्रहरु पठाए । यी पत्रहरुले प्रेरितको पुस्तकमा भएको घटना र समयक्रमहरुलाई समेटेको पाईन्छ । र हाम्रो बोलीबचनहरु र कामद्वारा कसरी अरुहरुको लागि परमेश्वरको आशिष बन्न सकिन्छ भन्ने कुरा यी पत्रहरुले सिकाउँछन् ।

(ग) परमेश्वरले हाम्रो दैनिक जीवन, परिवार र हामीले जिउने सबै पक्षहरुमा देशको जिम्मेवार नागरीक र आशिषको एक कारण भएर जिउन बोलाउनुहुन्छ ।

**दैनिक कार्य**

(घ) एफिसी ४:२८ (१ थेसिलोनिकी ४:११–१२)

- हाम्रो दैनिकी कामहरुद्वारा हामी आशिषको कारण हुन बोलाइएका छौँ । प्रेरित २०: ३४–३५ मा यो कुराको उदाहरण कसले दिएको छ ?

**पारिवारीक जीवन**

(ङ) एफिसी ५:३३, ६:१–४

- हाम्रो परिवारमा हामी कसरी आशिषको कारण हुन बोलाईएका छौँ ?

**जिम्मेवार नागरिक**

(च) १ तिमोथी २:१–२

- हाम्रो देशको नागरिक भएर कसरी हामी अरुहरुको लागि आशिषको कारण हुन बोलाईएका छौँ ?

रोमी १३:४

- सरकारी अगुवाहरु के का लागि बोलाईएका छन् ?
- स्थानी अगुवाहरुबाट परमेश्वरले आशा गर्नुभएको दुई चीजहरु के के हुन् ताकी मानिसहरुले परमेश्वरको आशिषमा रमाउन सकून् ।
- सरकारी अगुवाहरुले असल नेतृत्व नगरेको र दुष्टतालाई दण्ड नदिएको कारणले कमजोर मानिसहरु थिचोमिचोमा परेका उदाहरणहरु छन् ?
- हितोपदेश १४:३१, अनुसार कमजोर मानिसहरु थिचोमिचोमा पर्दा कसको अनादर हुन्छ ?

आमोस ५:१२–१५, यशैया १:१७, यर्मिया २१:१२, याकुव ५:१–६

- अन्याय र थिचोमिचो विरुद्ध कसले आवाज उठायो ?
- परमेश्वरले कमजोरहरुको सुरक्षा र दुष्टहरुको दण्ड चाहनुहुन्छ भनी स्थानीय अगुवाहरुलाई कसले बताउँछ ?
- कसरी यी कामहरु आदरणीय तवरले गर्न सकिन्छ ?

**६. चेलापनको कार्ययोजना**

तपाईले बोल्ने र गर्ने कुराहरुबाट अरुहरुको लागि आशिषको कारण बन्न तपाईले गर्नुहुने कुनै दुईवटा कामहरु लेख्नुहोस् ।

## ७. प्रार्थना

स्वर्गीय पिता तपाईको आशिष संसारभरि पुऱ्याउने यो ठूलो सेवामा मलाई सामेल गर्नुभएको लागि तपाईलाई धन्यवाद । काम र कुराहरुमा म तपाईको सेवा गर्न चाहन्छु मलाई मदत गरिदिनुहोस् । आमेन ।

## ८. यो हप्ताभरि मनन र कण्ठपार्ने बचनको खण्ड

"तब येशू तिनीहरुकहाँ आएर भन्नुभयो स्वर्ग र पृथ्वीको अधिकार मलाई दिईएको छ । यसकारण जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पबित्र आत्माको आउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर म युगको अन्त्यसम्म सधैँ तिमीहरुका साथमा छु" । **मत्ती २८:१८–२०**

# नयाँ सृष्टि



**बाइबलको खण्डहरु**

यूहन्ना १४:१–३, २पत्रुस ३:३–१५

**पाठको केन्द्रित भाग**

परमेश्वरको समयमा ख्रीष्ट फेरी आउनुहुनेछ । त्यो दिनमा उहाँले आफ्ना मानिसहरुलाई बौरी उठाउनुहुनेछ र त्यहाँ नयाँ जीवन, नयाँ शरिर र नयाँ सृष्टि हुनेछ ।

**खीष्टिय अनुशासन**

यो पाठमा हामी ख्रीष्टको दोस्रो आगमनको प्रतिक्षा गर्छौं र सारा संसारमा सुसमाचारको एक राजदुत भई उहाँको आगमनको तयारी गर्न सिक्नेछौं ।

**१. कार्य योजनाको प्रतिवदेन**

- अघिल्लो पाठमा दिईएको खण्ड कण्ठ पार्नुभयो ? कार्ययोजना पुरा भयो कि भएन ?
- कुनै खास परिवर्तन भएको अवलोकन गर्नुभयो ?

**२. परिचयात्मक प्रश्नहरु**

- बालबालिकाहरुले के प्रतिक्षा गर्छन् ।
- जवान मानिसहरुले ?
- वयस्क मानिसहरुले ?

**व्याख्यात्मक टिपोट**

स्वर्गमा उचालिनु अघि येशूले फेरी आउने प्रतिज्ञा गर्नुभयो । पहिलो शताब्दीका मानिसहरुले यो कुरालाई सजिलै पत्याएनन् । र आज येशू यो कुरामा हामीले विश्वास गरेको र खुशी भएको चाहनुहुन्छ किनकी उहाँ फेरी आउनुहुनेछ ।

## ३. खण्ड पढ्नुहोस् र बुझ्नुहोस् ।

(क) यूहन्ना १४:१–३

- यो पृथ्वी छोडेपछि येशूले के गर्ने प्रतिज्ञा गर्नुभयो ?
- यो प्रतिज्ञाले हामीलाई कसरी सान्त्वना दिन्छ ?

(ख) २ पत्रुस ३:३–१५

- येशूले फेरि आउने भनी गर्नुभएको प्रतिज्ञालाई मानिसहरुले कस्तो प्रतिक्रिया दिए ?
- पद ९ अनुसार किन येशूले फर्केर आउन लामो समय लिनुभएको हो ?
- परमेश्वरको धैर्यताले हामीलाई ख्रीष्टको कार्यलक्ष्यमा सहभागी हुन कसरी सहायता गर्छ ?
- र कसरी हामीलाई जीवन जिउन उत्प्रेराणा गर्छ ?

(ग) १ कोरिन्थी १५:५१–५८

- पुनरुत्थान हुने हाम्रो शरिर कसरी बर्तमान शरिर भन्दा फरक हुन्छ ?
- भविष्यमा हुने पुनरुत्थानको प्रतिज्ञाले वर्तमानमा जीवन जिउन हामीलाई कसरी प्रेरणा मिल्छ ?
- वर्तमान संसार र शरीर सधैंका लागि नभएपनि किन हामीले यो संसारमा रहँदा शरीरमा यति कडा मिहिनेत गर्नुपर्छ ?

(घ) प्रकाश २१:१–५, २२:१–५

- जब येशू आउनुहुन्छ हाम्रो नयाँ जीवन कस्तो देखिन्छ ?

(ङ) प्रकाश २२:२०–२१

- यो अन्तिम अध्यायलाई निचोडमा पुऱ्याउने प्रतिज्ञा, प्रार्थना र आशिष के के हुन् ?

## ४. मनन गर्नुहोस्

जब हामी येशूको आगमन बारे बिचार गर्छौं

- खुशी र उन्नतीको समयमा विश्वासीलो भई रहन के कुराले उत्साह दिन्छ ?
- दुःखको समयमा के कुराले सान्त्वना दिन्छ ?

## ५. चेलापनको कार्ययोजना

अब आउने तीन महिनाभरि तपाईले मनन र अध्ययन गर्ने बाइबलको कुनै एक पुस्तकको नाम लेख्नुहोस् ।

दैनिक आफुले पढेका कुराहरुको टिपोट राख्नुहोस् ।

यो प्रश्नको बिचार गर्नुहोस् ।

- आज मैले पढेको खण्डले येशूलाई प्रेम गर्न र विश्वासयोग्य भई सेवा गर्न कसरी सहायता गर्छ ?

तीन महिनाभित्र वा पछि आफुले सिकेका कुराहरुको प्रतिवेदन दिन कहाँ र कहिले भेट्ने योजना बनाउनुहोस् ।

## ६. प्रार्थना

अनन्त जीवन दिनुभएकोमा प्रभुलाई धन्यवाद । नयाँ सृष्टिको र दोस्रो आगमनको प्रतिज्ञा गर्नुभएको लागि धन्यवाद । तपाईको आत्माको सहायतामा विश्वासीलो भई हरेक दिन तपाईको सेवा गरी तपाईको प्रतिक्षा गर्न सहायता गर्नुहोस् । प्रभु येशू आउनुहोस् । आमेन ।

## ७. यो हप्ताभरि मनन र कण्ठपार्ने बचनको खण्ड

"निश्चय म चाँडै आउँदैछु आमिन आउनुहोस् हे प्रभु येशू" प्रकाश २२: २०

*यो पुस्तिकाको सामूहिक अध्ययन पछि पनि निरन्तर बाइबल अध्ययन गर्नुहुन हामी तपाईलाई उत्साह दिन्छौं ।*

**~ बधाई छ तपाईलाई ~**